# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १२७ | काठमाडौं | मंगलबार, ११ भदौ २०८१ | Prabhab National Daily | Tuesday, August 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## 'रेमिट्यान्स'को रकम अनुत्पादक क्षेत्रमा खर्च



- रेमिट्यान्सको ७२ प्रतिशत रकम घर खर्चमा प्रयोग भइरहेको राष्ट्रिय तथ्यांकमा उल्लेख
- अर्घाखाँचीमा भित्रिने ८० प्रतिशत रेमिट्यान्स विलासिता र अनुत्पादक क्षेत्रमा खर्च
- उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने सरकारको नीति नहुँदा समस्या

■ **प्रेमनारायण आचार्य**

**अर्घाखाँची–** वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाउने अधिकांश रकम अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको पाइएको छ । विदेशबाट पठाएको पैसाको ७२ प्रतिशत रकम घर खर्चमै सकिने गरेको राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकमा उल्लेख छ ।

यस्तै, १५.८ प्रतिशत रकम ऋण तिर्न, ४.६ प्रतिशत छोराछोरीको अध्ययन र १.९ प्रतिशत रकम घरजग्गामा खर्च भएको पाइएको छ । रेमिटचान्सको १.९ प्रतिशत रकममात्रै बचत गरिएको देखिन्छ। देशभरका ५६ प्रतिशत घरपरिवार र लुम्बिनी प्रदेशका ८९.६ प्रतिशत घरपरिवारले 'रेमिटचान्स' प्राप्त गर्ने गरेको देखिएको छ ।

अर्घाखाँची विदेशबाट रेमिटचान्स आउने जिल्लामध्ये अग्रपंक्तिमा पर्छ तर त्यो पैसा उत्पादनशील क्षेत्रमा लगाउने वातावरण नहुँदा श्रम बेच्ने मानिस उत्पादन गर्ने काममात्र भइरहेको छ । साथी बचत तथा ऋण सहकारी र अर्घाखाँची जिल्ला बचत तथा ऋण सहकारी संस्थाले दुई वर्षअघि गरेको अनौपचारिक सर्वेक्षणअनुसार जिल्लामा भित्रिएको रेमिटचान्स (विप्रेषण) को ८० प्रतिशत रकम विलासिता र अनुत्पादक क्षेत्रमा खर्च हुन्छ ।

स्थानीय सरकारले व्यवसाय र स्वरोजगारमुखी कार्यक्रम ल्याउन नसक्दा पनि रेमिटचान्सको पैसा बाहिर जाने गरेको छ । केही गर्ने खालको युवा जनशक्तिलाई अर्काको देश पठाएर आएको पैसाको सदुपयोग गर्ने खालको योजना कुनै पनि पालिकाको छैन ।

वार्षिक झन्डै साढे सात अर्ब रूपैयाँ अर्घाखाँची भित्रिने गरेको छ । त्यसमध्ये तीन अर्ब अर्थात् ४० प्रतिशत रकम दैनिक उपभोग्य सामग्री, खानपान, मोटरसाइकल, कार, इन्धन, लत्ताकपडा, मोबाइल, सञ्चार तथा टेलिफोनमा खर्च हुने गरेको छ । ४० प्रतिशत रकम अर्थात् तीन अर्ब उत्पादन नहुने क्षेत्र अर्थात् घडेरी र घरमा खर्च हुने गरेको अर्घाखाँची जिल्ला बचत सहकारी संस्थाका अध्यक्ष तथा साथी बचत तथा ऋण सहकारीका अध्यक्ष प्रकाश भुसालले बताए । उनका अनुसार जिल्ला सदरमुकाम, कपिलवस्तुका विभिन्न भाग तथा रूपन्देहीको बुटवल, भैरहवा, दाङ, चितवन र काठमाडौंमा घर घडेरी किन्नेमा खर्च भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

जापानमा रोजगारी

# सरकारले आलटालमै बितायो सम्झौताको पाँच वर्ष

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको जापानमा नेपाली श्रमिक पठाउनै सकस परेको छ । सन् २०१९ को मार्चमा नै नेपाल र जापानबीच सरकारीस्तरमा (जिटुजी) श्रम सम्झौता भई नेपाली श्रमिकलाई यथाशीघ्र जापान पठाउने भनिए पनि पाँच वर्ष बित्दासमेत कुनै प्रक्रिया अघि बढाइएको छैन ।

दुई देशबीच भएको सम्झौतानुसार नेपाली श्रमिक पठाउने प्रक्रिया नै अघि नबढाई सम्झौताको अवधि सकिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सम्झौता भएदेखि नै 'नेपाली श्रमिक जापान पठाउने तयारी भइरहेको छ' भन्नुबाहेक अर्को प्रतिक्रियादिनसकेको छैन । दुई देशबीच सम्झौता भएको पाँच वर्ष बित्दासम्म तयारीमै सीमित रहने सरकारी प्रयास र कार्यान्वयनका लागि प्रभावकारी काम गर्न नसकेकोप्रति यतिखेर प्रश्न उब्जिएको छ ।

सरकारले नेपालबाट स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) अर्थात् सीपयुक्त दक्ष श्रमिक जापान पठाउन भएको सम्झौतानुसार बर्सेनि २० हजार बढी नेपाली रोजगारीका लागि जापान जानसक्ने बताइन्छ । यद्यपि, श्रमिक पठाउने प्रक्रिया अघि नबढ्दै सम्झौताको अवधि सकिए पनि नवीकरण गर्न सकिने श्रम मन्त्रालयको भनाइ छ ।

जापानको रोजगारी गुम्न नदिन र नवीकरणको प्रक्रियालाई अघि बढाउन आवश्यक तयारी गरिरहेको मन्त्रालयका प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए । 'सरकारले जापानमा कामदार नै नपठाई श्रम सम्झौताको अवधि सकिएको भन्ने लाग्दैन,' उनले भने, 'यदि सकिएकै हो भने नवीकरणको प्रक्रिया अघि बढ्छ, रोजगारीको अवसर गुम्न दिइँदैन ।'



- प्रक्रिया नबढाउँदै सकियो सम्झौता अवधि
- आकर्षक रोजगारीको अवसरबाट नेपाली श्रमिक वञ्चित
- नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको मन्त्रालयको भनाइ
- श्रमिक पठाउन पाउनुपर्ने निजी क्षेत्रको माग, सरकार अलमलमै
- व्यक्तिगत श्रम स्वीकृति लिएर जापान जाने नेपाली श्रमिक बढ्दो

दुई देशबीच हुने सम्झौताको अवधि सकिएपछि सरकारले रोजगारदाता मुलुकसँग श्रम सम्झौता नवीकरणका लागि प्रस्ताव गर्नुपर्ने वैदेशिक रोजगार ऐनमा व्यवस्था छ । जापान सरकारका प्रतिनिधिहरूले पटक-पटक नेपाल भ्रमण गर्दै आएका छन् । उनीहरूको भ्रमणका दौरानमा नेपालबाट दक्ष सीपयुक्त श्रमिक लैजाने कुरा उठ्ने गरेको छ । तर, सरकारले गृहकार्य गरिरहेको र छिट्टै जानकारी गराउने प्रतिक्रिया दिनुबाहेक अन्य कुनै गतिविधि बढाउन नसकेको श्रम मन्त्रालयका एक उच्च अधिकारीले बताए ।

'सम्झौता भएकै वर्ष (सन् २०१९ डिसेम्बर) फैलिएको कोरोना महामारीले दुई वर्ष कुनै कुरा नभई बित्यो,' ती अधिकारीले भने, 'त्यसपछि श्रमिक लैजाने विषयमा नेपालले नभई जापानले नै कुरा उठाएपछि, सम्झौताको फाइल खोल्ने र अवश्यक मापदण्ड तयार पार्ने भन्दै एक वर्ष खेर फालियो, आलटाल गरेर अर्को एक वर्ष लगाएर बनाएको कार्यविधि जारी गरे पनि पूर्वमन्त्री डोलप्रसाद अर्यालले स्थगित गरेपछि त्यत्तिकै थन्कियो ।'

यद्यपि, गत वर्ष फागुनमा जारी भई स्थगित गरिएको 'जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० ' पुनः लागू हुने प्रवक्ता रिजालले जानकारी दिए । 'अब जापानमा नेपाली श्रमिक पठाउन त्यही कार्यविधिले काम गर्छ,' उनले भने, 'कार्यविधिलाई अंग्रेजीमा ट्रान्सलेट गरी परराष्ट्र मन्त्रालयमार्फत जापान सरकारलाई जानकारी दिइसकिएको छ, छिट्टै नतिजा आउला ।'

(क्रमशः पृष्ठ २ मा)

> एउटा आकर्षक मुलुकमा श्रमिक पठाउने प्रक्रिया सुरू नै नगरी सम्झौताको अवधि सकिनु वा खारेजीमा जाने अवस्था आउनु राम्रो होइन । आकर्षक रोजगारीको अवसर गुम्नु दुःखद हो ।
>
> ■ **मेघनाथ भुर्तेल**
> **महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

> जापानमा कामदार नै नपठाई श्रम सम्झौताको अवधि सकिएको भन्ने लाग्दैन । यदि सकिएकै हो भने नवीकरणको प्रक्रिया अघि बढ्छ, रोजगारीको अवसर गुम्न दिइँदैन ।
>
> ■ **गोविन्दप्रसाद रिजाल**
> **प्रवक्ता, श्रम मन्त्रालय**

# विद्यालयदेखि कार्यालयसम्म ह्विलचियरमा

■ **टीकाप्रसाद खतिवडा**

**मंगलबारे (इलाम)–** आलोक खतिवडा २३ वर्षको भए । उनको कम्मर चल्दैन अर्थात् बसेको एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्दैनन् । उनी हालै लोकसेवा आयोगले लिएको खरिदार पदको परीक्षामा उत्तीर्ण भएर जिल्ला हुलाक कार्यालयमा कार्यरत छन् ।

आलोकका दाजु २६ वर्षीय भुपालले पनि लोकसेवा आयोगले लिएको नायब सुब्बाको परीक्षामा पहिलो पत्र उत्तीर्ण गरेर त्यसपछिका परीक्षा दिइसकेका छन् । आलोकले गत वर्ष स्नातक पूरा गरेका हुन् भने दाजु भुपालले तीन वर्षअघि स्नातक सकेका छन् । उनीहरू दुवैले इलामबाटै आफ्नो अध्ययन पूरा गरेका हुन् ।

बुबाआमा बजारमा सामान्य तरकारी पसल गर्छन् । तरकारी बेचेर बुबा भुवन र आमा तेजकुमारीले आलोकलाई सरकारी सेवामा प्रवेश गराइन् । अपांगता भएका धेरैले सामान्य अपांगता हुँदा पनि माग्दै हात थापेर जीविकोपार्जन गरिरहेको अवस्थामा आलोक मिहेनत गर्दा सफल भइन्छ भन्ने उदाहरण बनेका छन् । आलोकले कार्यालयमा कम्प्युटर चलाउने र दर्ता गर्ने काम गर्दै आएको बताए ।

'मिहेनत गऱ्यो भने सफलता मिल्दोरहेछ,' आलोकले भने । दुईजना सन्तानमध्ये दुवैजना शरीरिक अपांगता छ । दुवैजनाको कम्मर नचल्ने समस्यम रहेको आमा तेजकुमारीले बताइन् । कम्मर नचलेपछि एक ठाउँमा बसेका उनीहरू अर्को ठाउँमा सर्न सक्दैनन् । दिशा पिसाब गराउन दुवै छोरालाई बुबाआमाको सहारा चाहिन्छ ।



> आलोक जिल्लामा एक उदाहरण बनेका छन् । मिहेनतले सफल भइने उनको बुझाइ छ । उनी अरूलाई पनि मिहेनत गर्ने सल्लाह दिन्छन् । उनले दोस्रोपटकमा नाम निकालेका हुन् । १२ जनाको कोटामा करिब तीन हजारको प्रतिस्पर्धा रहेको उनले बताए ।

कान्छो छोराले लोकसेवा पास गरी सरकारी प्रवेश गरेसँगै परिवारमा एउटा खुसी प्रवेश गरेको आमा तेजकुमारीले बताइन् । जन्मिएको करिब नौ वर्षको उमेरदेखि दुवै छोरा हिँड्न नसक्ने भएपछि बुबाआमाले ह्विल चियरको सहारामा विद्यालयसम्म लैजान्थे । दैनिक विद्यालय पुऱ्याउने र ल्याउने गर्दै उच्च शिक्षासमेत त्यसरी नै पढाएको बुबा भुवनले बताए ।

इलामको सन्दकपुर घर भएका उनीहरू छोराहरू हिँड्न डुल्न नसक्ने भएकाले इलाम बजारमा सरे । छोराहरूको शिक्षाका लागि भनेर लामो समय दुःख र संघर्ष गर्नुपरेको उनले दुःसेसो सुनाए । 'उपचारका लागि नेपालका धेरै अस्पतालमा लगे पनि उपचार सम्भव भएन । ह्विलचियरमा भए पनि विद्यालय र उच्च शिक्षा हासिल गर्नुपर्छ भनेर हामीले निरन्तर संघर्ष गर्यौं,' उनले भने ।

'आफ्नो आफ्नो लेखान्त रहेछ । जे भए पनि एउटा खुसी पाएका छौं,' आमा तेजकुमारीले भनिन् । अहिले पनि बजारमा तरकारी पसल गरिरहेको भन्दै छोरालाई कार्यालय लैजाने र ल्याउने काममा बुबा दैनिक खटिनुपर्ने उनले जानकारी दिइन् । 'म तरकारी पसलमा बस्छु । बुबाले कान्छो छोरालाई कार्यालय छोडेर आएपछि पालैपालो गरेर घरमा भएको छोरोलाई दिसापिसाब गराउने र खान दिने गरिरहेका छौं,' उनले भने । गत जेठमा नियुक्त लिएर पाँचथरको अमरपुरमा हाजिर गर्न जानुभएका आलोक इलाममा सरुवा लिएर हाल जिल्ला हुलाक कार्यालयमा कार्यरत छन् । अमरपुरमा हुँदा पनि चारैजनाको परिवार उतै बस्दै आएका थिए ।

आलोक जिल्लामा एक उदाहरण बनेका छन् । मिहेनतले सफल भइने उनको बुझाइ छ । उनी अरूलाई पनि मिहेनत गर्ने सल्लाह दिन्छन् । उनले दोस्रोपटकमा नाम निकालेका हुन् । १२ जनाको कोटामा करिब तीन हजारको प्रतिस्पर्धा रहेको उनले बताए । 'दोस्रो चरणमा पनि २८४ जनाले परीक्षा दिएकामा खुल्ला तेस्रो नम्बरमा नाम निकाल्न सफल भएको हुँ,' आलोकले भने । लोकसेवा आयोग धेरैको सपना जस्तै बनेको छ । उनीहरूले मिहेनत गरेकाले सफलता मिलेको बताए ।

भुपाल योसहित तीनपटक लोकसेवाको परीक्षामा सहभागी भइसकेका छन् । अबको पटक नाम निस्कनेमा उनी पनि ढुक्क छन् । मिहेनती र इमान्दार खतिवडा कार्यालयमासमेत राम्रो काम गर्ने कर्मचारीका रूपमा छन् । अपांगतामैत्री कार्यालय निर्माण गरेर उनको सहजतामासमेत आफूहरू लागेको जिल्ला हुलाक कार्यालय इलामका निमित्त प्रमुख गणेश घिमिरेले बताए । 'केही व्यक्ति अझै पनि सामान्य अपांगता हुँदा केही गर्न सक्दिनँ भन्ने सोचमा हुन्छन् । आलोक उनीहरू सबैका लागि प्रेरणाको स्रोत बनेका छन्,' उनले भने, 'उनको पदोन्नति होस् अनि भुपाल पनि आगामी परीक्षामा सफल बन्नुहोस् भन्ने हाम्रो कामना छ ।' *रासस*




पृष्ठ १ बाट क्रमशः

## सरकारले आलटालमै ...

जापानमा निजी क्षेत्रबाट श्रमिक पठाउने कि सरकार आफैंले पठाउने भन्ने द्विविधा उत्पन्न भएकाले तत्कालीन अवस्थामा कार्यविधि जारी भए पनि स्थगित भएको प्रवक्ता रिजालले जानकारी दिए । सरकारमा भइरहने फेरबदल र ठूला राजनीतिक दलको रोजाइमा श्रम मन्त्रालय नपरेका कारण आकर्षक मुलुकहरूमा नेपालीले रोजगारीका जाने अवसर गुमाउनुपर्ने अवस्था आएको श्रम तथा आप्रवासनविज्ञ एवं पिपुल फोरमका संस्थापक सोमप्रसाद लुइँटेलले बताए । पिपुल फोरम वैदेशिक रोजगारीको सिलसिलामा समस्यामा परेका श्रमिकलाई निःशुल्क कानुनी सहायता दिने संस्था हो ।

'विदेशमा श्रमिक पठाउने कुरा सैद्धान्तिक र कानुनी पक्षलाई ध्यान दिनुपर्ने भएकाले मोडालिटी तयार गर्न र त्यसमा दुवै पक्ष सहमति हुन केही समय लाग्छ नै,' उनले भने, 'जापानको हकमा सम्झौतामा उल्लेख नगरिए पनि जिटुजीमार्फत नै श्रमिक लैजाउँ भन्ने जापानको मनसाय थियो, तर निजी क्षेत्रको चाहना र राजनीतिक चलखेलका कारण अलमल भएकाले समस्या देखिएको हो ।' सरकारले गन्तव्य मुलुकसँग सम्झौता गर्ने तर कार्यान्वयनमा नजाने समस्याले पनि अप्ठ्यारो पारिरहेको भन्दै कूटनीतिक पहलसमेत कमजोर हुनाले जापानलगायतका अन्य मुलुकमा पनि सम्झौतानुसारको श्रमिकले अवसर पाउन नसकेको लुइँटेलले बताए ।

यता निजी क्षेत्रले जापानमा आफूले श्रमिक पठाउन पाउनुपर्ने माग गर्दै आएको छ । जापानमात्र नभई सरकारले पठाइरहेका क्षेत्रबाहेक अन्य क्षेत्र र मुलुकमा नेपाली श्रमिक पठाउन पाउनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'सरकारले नीति र थिति बसाल्ने हो, निजी क्षेत्रले जस्तो व्यापार व्यवसाय गर्दै हिँड्ने होइन,' उनले भने, 'अहिले जापानलगायत विभिन्न मुलुकमा म्यानपावरमार्फत श्रमिक पठाउन समस्या भइरहेको छ, यसले ठगी, तस्करी र बिचौलियालाई मलजल गरेको छ ।'

सरकारले तत्काल निर्णय गरेर जापानमा म्यानपावरमार्फत श्रमिक पठाउने व्यवस्था गर्नुपर्ने भुर्तेलको भनाइ छ । कोरिया, इजरायल युके, जर्मनीलगायत सुरक्षित मुलुकमा संस्थागतरूपमा म्यानपावरलाई श्रमिक पठाउन बाटो खोल्नुपर्ने उनले बताए । न त सरकार आफैंले श्रमिक पठाउन सक्नु, न त निजी क्षेत्रलाई अवसर दिनु । निजी क्षेत्रलाई रोक्न खोज्नुले गन्तव्य मुलुकमा गलत सन्देश जाने उनले बताए ।

'एउटा आकर्षक मुलुकमा श्रमिक पठाउने प्रक्रिया नै सुरु नगरी सम्झौताको अवधि सकिनु वा खारेजीमा जाने अवस्था आउनु पक्कै राम्रो होइन,' महासचिव भुर्तेलले भने, 'सरकारले आवश्यक निर्णय गर्न नसक्दा पछिल्लो समय आकर्षक पारिश्रमिक, मानवअधिकार र सुरक्षा ग्यारेन्टी भएका मुलुकहरूमा रोजगारीको अवसर गुम्दै जाने अवस्था आएको छ ।' म्यानपावरमार्फत नेपाली श्रमिकलाई जापानमा पठाउने प्रबन्ध मिलाउने हो भने वार्षिक २० हजारभन्दा बढीले रोजगारी पाउने भूर्तेलले बताए । अहिले सरकारले संस्थागतरूपमा श्रमिक पठाउने व्यवस्था नगर्दा विभिन्न व्यक्ति र शैक्षिक कन्सल्टेन्सीबाट नेपाली युवाहरू चर्को शुल्क तिरेर जापान गइरहेको उनको भनाइ छ ।

सरकारले जिटुजी सम्झौता कार्यान्वयनमा ल्याउन ढिलाइ गरे पनि पछिल्लो समय जापान जाने नेपाली श्रमिकको संख्या ह्वात्तै बढेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै नयाँ तथा पुनः श्रम स्वीकृति लिएर जापान जाने नेपाली श्रमिकको संख्या १३ हजार ८६४ रहेको वैदेशिक रोजगार बोर्डको तथ्यांकले देखाएको छ । अधिकांश श्रमिक व्यक्तिगत श्रम स्वीकृति लिएर जापान गएको देखिन्छ ।

● ● ●

## 'रेमिट्यान्स'को रकम...

विदेशबाट आएको रकमको २० प्रतिशतमात्र कृषि फार्म, साना होटल, किरानापसल र ट्याक्सी तथा बसजस्ता उत्पादनशील क्षेत्रमा खर्च भइरहेको पाइएको छ । तर, यस्तो व्यवसाय गर्नेहरूले पनि बीचैमा व्यवसाय छाड्ने गरेका छन् । वैदेशिक रोजगारीमा गएका युवाले कमाएको पैसा विलासिता र दैनिक उपभोग्य सामग्रीमा खर्च भएकाले उक्त रकम उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्ने खालको नियम नै बनाएर अगाडि बढ्न सकेमा मात्र उत्पादनशील क्षेत्रमा खर्च हुने सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

अर्घाखाँचीका ५५ हजारभन्दा बढी श्रम स्वीकृति लिएर विदेशमा काम गर्न गएका छन् । युरोप, अमेरिका, अस्ट्रेलिया, जापानलगायत देशमा जाने युवायुवतीको संख्या यसमा समावेश गरिएको छैन । गैरकानुनी ढंगले जाने, प्रक्रिया पूरा नगरी वा पर्यटन भिसामा जाने तथा अध्ययन भिसामा जानेहरूको तथ्यांक कतै भेटिँदैन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा काम गरिरहेको सुरक्षित आप्रवासनका लुम्बिनी प्रदेश संयोजक जियाउल हकका अनुसार पछिल्लो तीन वर्षमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका अर्घाखाँचीका ४७ जनाले ज्यान गुमाए । तीमध्ये नौ जनाको यसै वर्ष मृत्यु भएको हो । ७४ जना गम्भीर बिरामी परेका तथा अंगभंग भएका छन् ।

अर्घाखाँचीबाट आर्थिक वर्ष २०७९/८० मा ६३३ महिलासहित नौ हजार ५२६ जना रोजगारीका लागि विदेश गएका थिए । चालु आर्थिक वर्षको साउन मसान्तसम्म आठ हजार १७५ जनाले वैदेशिक रोजगारीका लागि देश छाडेको सुरक्षित आप्रवासनको अर्घाखाँची शाखाकी सहजकता अम्बिका बेल्वासेले बताइन् ।

अर्घाखाँचीमा अहिलेसम्म वैदेशिक रोजगारसम्बन्धी ठगीका १० वटा उजुरी परेका छन् । यीमध्ये चार उजुरीको छिनोफानो भएको छ भने छवटा प्रक्रियामा रहेका छन् । ठगी गर्नेहरूबाट १० लाख ४६ हजार रूपैयाँ पीडितलाई फिर्ता गराइएको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताए । आव २०६३/६४ सालयता गएको वैशाख मसान्तसम्म ७७ लाख २० हजार ७०८ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख रहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।

गत आव २०७९/८० मा सात लाख ७१ हजार ३२७ जना रोजगारीका लागि विदेश गएका थिए । यो संख्या गएको १७ वर्षयताको उच्च हो । चालु आवको ज्येष्ठ मसान्तसम्म छ लाख नौ हजार ६९९ जना कामका लागि विदेश गएका थिए । अहिलेसम्म विदेश जानेहरूमध्ये ९३ प्रतिशत मलेसिया तथा खाडी मुलुकमा गएका छन् भने बाँकी सात प्रतिशत जापान, बहराइन, कोरिया, क्रोएसियालगायत देशमा छन् ।

वैदेशिक रोजगारीमा युवाहरूलाई जानबाट रोक्न स्थानीय सरकारहरूले पनि काम गरिरहेका छन् । विदेशबाट फर्किएर गाउँमै कृषि र पशुपालन गर्ने युवाहरूलाई नगरपालिकाले प्राविधिक सहायताका साथै विभिन्न अनुदानका कार्यक्रम पनि सञ्चालन गरिरहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए । परम्परागत कृषि पेसालाई आधुनिक र प्रविधियुक्त बनाउन मिनीटिलर, कुटानी-पिसानी मिललगायत सामग्रीहरू किसानलाई हस्तान्तरण गरेको छ । विभिन्न तरकारीका बीउ, मल आदि पनि प्रदान गर्दै आएको छ । अर्घाखाँचीको शितगंगा नगरपालिकाले कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याएको छ । *रासस*

# प्रसूतिगृहबाट ३० हजार महिलाले सेवा लिए

**काठमाडौं (प्रस)**– परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले आर्थिक वर्ष २०८०/८१ मा कूल ३० हजार ९५२ महिलाले सेवा लिएका छन् । प्रसूतितर्फ २५ हजार ११६ तथा स्त्री रोगतर्फ पाँच हजार ८३६ जनाले अस्पतालबाट सेवा लिएका थिए ।

अस्पतालले सोमबार ६५औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा यहाँ आयोजना गरिएको कार्यक्रममा अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले गत आवमा नवजात शिशु सघन उपचारतर्फ दुई हजार ७८७ र मातृ सघन उपचारतर्फ ४५४ जना भर्ना भएका जानकारी दिए । बहिरंग सेवातर्फ एक लाख ९४ हजार ४९० जनाले सेवा लिएको उनले बताए ।

२०१६ भदौ १० गते श्री कृष्ण जन्माष्टमीको दिनमा ४० शयचाबाट स्थापना भएको उक्त अस्पतालमा हाल ४८९ शयचा सञ्चालनमा छन् । निर्देशक डा. अधिकारीले अस्पतालको वार्षिक गतिविधिबारे प्रकाश पार्दै प्रसूतितर्फ भर्ना भएका २५ हजार ११६ मध्ये २२ हजार ३७९ जना प्रसूति डेलिभरी भएको उल्लेख गर्दै उनीहरूले २२ हजार ६१३ शिशुलाई जन्म दिएको बताए ।

उनले भने, 'कूल डेलिभरीमध्ये नौ हजार ६५२ जना (४३ प्रतिशत) को शल्यक्रिया गरिएको थियो । सो संख्या गत आवको तुलनामा चार प्रतिशतले बढी हो ।' गत आवमा नौ हजार ११ निःसन्तानसम्बन्धी सेवग्राहीले ओपिडीबाट सेवा लिएका थिए । जसमध्ये २२२ महिलाले आइयुआई सेवा र २० निःसन्तान सेवाग्राहीले आइभिएफ सेवा लिएका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा नेपालमा नै पहिलोपटक 'नियोनेटल स्क्रिनिङ टेस्ट'को कार्य सो अस्पतालमा यही साउन २९ गतेदेखि सुरुआत गरिएको छ । साथै अस्पतालले हालै मानसिक स्वास्थ्य सेवासमेत सुरु गरेको छ । वार्षिकोत्सवको अवसरमा जन्मिएदेखि ४५ दिनसम्म, ४५ दिनदेखि छ महिनासम्म र छ महिनादेखि एक वर्षसम्मका स्वस्थ शिशुलाई पुरस्कृत गरिएको थियो ।

---

**बर्जु गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
अमाहीबेल्हा, सुनसरी

**सच्याईएको**

यस बर्जु गाउँपालिकाबाट मिति २०८१/०५/०६ मा प्रकाशित Contract Identification No: BRM/SUNSARI/NCB/GOODS/1/2081/82 बोलपत्र सम्बन्धि सूचना प्रकाशन भएकोमा bolpatra.gov.np/egp साईटमा सार्वजनिक गर्दा प्राविधिक समस्या आई सार्वजनिक नभएको देखिएको हुँदा मिति 27-08-2024 देखि 26-09-2024 सम्म बोलपत्रको म्याद कायम हुने गरि पुनः सूचना प्रकाशन गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

---

**एभ्रिटाइम वचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरूमा**

**१४औं वार्षिक साधारणसभा सम्बन्धि सूचना**

यस एभ्रिटाईम बचत तथा ऋण सहकारी संस्था लि.कालोपुल, काठमाडौंको मिति २०८१/०५/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका वमोजिम उल्लेखित मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावज्यूहरूलाई हार्दिक अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरू:**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा,
३. आव २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा,
४. आव २०८१/०८२ को प्रस्तावित वजेट तथा कार्यक्रम सम्वन्धमा,
५. आव २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
६. साधारण सभा वैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा,
७. आव २०८०/०८१ मा सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने सम्वन्धमा,
८. विविध

**कार्यक्रम :**
**मिति** : २०८१ आश्विन ११ गते, शुक्रबार
**समय** : बिहान १०:०० देखि ४:०० बजेसम्म
**स्थान**: संस्थाको मुख्य कार्यालय, कालोपुल, काठमाडौं

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

**एभ्रिटाइम वचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा. ०५, कालोपुल, काठमाडौं,
फोन नं. ०१-४५१६३४५, ४५१६३४६

---

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय उदयपुर
गाईघाट, (बोक्से)

**मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

यसमा साविक जिल्ला उदयपुर गा.वि.स. रातापानी ठोक्सिला ९ भै हाल जिल्ला सुनसरी धरान न.पा.वडा नं.११ वस्ने मधुसुधन काफ्लेले मेरो सहोदर दाजु गौरीशंकर काफ्लेको १ मात्र श्रीमति मेरो भाउजु बाल कुमारी काफ्लेको नाममा दर्ता कायम रहेको जि.उदयपुर गा.वि.स. ठोक्सिला वडा न. ९घ कि.न. ७० ज.वि. ०-७-१० र ऐ.ऐ. कि.न. ९३ को ज.वि. ०-४-१० का जग्गाहरु मृतक दम्पतिका कुनै पनि छोरा छोरीको जायजन्म नभई गौरीशंकर काफ्लेको मिति २००४ र बाल कुमारी काफ्लेको मिति २०७८।११।२५ मा मृत्यु भएको हुदा दाजुहरु टंकनाथ उपाध्याय काफ्ले, ईश्वरी प्रसाद काफ्ले र भजितहरु नवराज काफ्ले र रामचन्द्र काफ्ले मधुसुधन काफ्लेलाई हकछोड मन्जुरनामा गरि आफ्नो हक समेत छोडीसकेको हुदा भाउजु वाचुन्जेल पालन पोषण र मृत्यु पछि काज किरिया समेत म निवेदकले गरेको हुदा मेरो नाममा एकलौटी नामसारी गरिदिनु भनि द.न. १७६६१ मिति २०८१।२।३१ को माग निवेदन भएकोमा निज दम्पतिको कुनै छोरा छोरी छन कि छैनन् ? निजहरूको पालन पोषण, औषधी उपचार, मृत्यू पश्चात काज किरिया कसेले गरेको हो ? मृतकको नाममा कायम रहेको जग्गा निवेदक मधुसुधन काफ्लेको नाममा नामसारी गर्दा कसैको हक स्वामित्व हनन् हुन्छ कि हुन्दैन ? पछि कसैको हक लाग्ने भए बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला, अन्यथा प्रचलित कानून वमोजिम नामसारी तर्फ कारवाही भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

इति सम्बत २०८१ साल भाद्र ०५ गते रोज ४ शुभम

---

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

**मिति २०८१/०५/११ गते**

काभ्रेपलाञ्चोकको बनेपाबाट धुलिखेलतर्फ जाने क्रममा मेरो निम्न व्यहोरा भएको जहवारलाल नेहरु टेक्नोलोजी युनिभर्सिटि इन्जिनियरिङ संङकायको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न व्यक्ति वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : राकेश देव**
**हल टिकट नम्बर : 11A91A0164**
**ठेगाना : काठमाडौं, नेपाल**
**सम्पर्क नम्बर : ९८४९८९४७२७**

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०४।२६ गते काठमाडौं जिल्ला, तार्केश्वर ७, दियालो टोल, आफ्नै घरमा कालो, रातो रङ्को 150 CC पल्सर मोटरसाइकल पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम :हरि गिरी
**बाइक नं.: बा.प्र. ०३-०४७ प ३०२५**
**च्यासिस नं.: MD2A11CX7PPF32554**
**इन्जिन नं. : DHXPPF72501**
**ठेगाना: पञ्चकन्या गा.पा ५, नुवाकोट**
**सम्पर्क: ९८४१०७८७०८**

---

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

**मिति २०८१/०५/११ गते**

काभ्रेपलाञ्चोकको बनेपाबाट धुलिखेलतर्फ जाने क्रममा मेरो निम्न व्यहोरा भएको जहवारलाल नेहरु टेक्नोलोजी युनिभर्सिटि इन्जिनियरिङ संङकायको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न व्यक्ति वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : राकेश देव**
**हल टिकट नम्बर : 11A91A0164**
**ठेगाना : काठमाडौं, नेपाल**
**सम्पर्क नम्बर : ९८४९८९४७२७**

---

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १२६ भदौ १० गते २०८१ मा प्रकाशित Dana Human Resource Nepal (P) Ltd को Lot No. 309337 (Almodhayan Integrated Building Construction Co) र Lot No. 309338 (Al Rayes Tandoori Restaurant Company) कम्पनीको विज्ञापनमा **कुवेतमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danaepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com

---

Phedikhola Rural Municipality

**Office of Rural Municipal Executive**

Phedikhola Syangja
Gandaki Province, Nepal

## Invitation for Bids

First Date of publication: ***August 27, 2024***

1. The Phedikhola Rural Muniicipality with the financial support of Government of Nepal [GoN] has allocated funds for ***Upgrading of Phedikhola Mirudanda Deurali Nuwakot Road on CH 1+509 to CH 3+400 at Phedikhola-02, Syangja*** and intends to apply part of the funds to cover eligible payments under the Contract identification number ***2-PRM-W-NCB-UG-081-82-2***. Bidding is open to all eligible Nepalese Bidders.
2. ***Phedikhola Rural Muniicipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja*** invites electronic bids from eligible bidders for the upgrading of Phedikhola Mirudanda Deurali Nuwakot Road on CH 1+509 to CH 3+400 at Phedikhola-02, Syangja which mainly consists of side and cross drainage structures, retaining and breast structures with 20 mm thick premix carpeting over 10 cm base course and 15 cm sub-base course etc. under NCB– Single Stage Two Envelope Bidding procedures in accordance with e-GP Procurement Directive 2074 clause 35 (5).
   Only eligible bidders with the following key qualifications should participate in this bidding and may obtain further information and inspect the biding document through PPMO website: www.bolpatra.gov.np/egp
   a) Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 32.50 million excluding VAT.***
   b) Minimum Work experience of similar size and nature: ***Successfully or substantially completion of One Number of project having DBST/Otta-seal/Asphalt concrete/Premix carpeting over base course and sub-base course with the value of NRs. 9 million excluding VAT within the last ten years.***
3. A complete set of bidding documents may download from PPMO's website: www.bolpatra.gov.np/egp by eligible bidders and submit their bids only electronically through www.bolpatra.gov.np/egp. Bidders should deposit the cost ***NRs. 5,000.00 (Five thousand)*** of biding documents in the office Aantatik Rajashwa (Revenue) Account as specified below and the scanned copy (PDF format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: ***Prime Bank Ltd., Phedikhola Branch***
   Name of Office: ***Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja***
   Account Name: ***Aantarik Rajashwa Khata of Phedikhola Rural Municipality, Syangja***
   Office Account no.: ***06501000000030800180***
4. Bidder who wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in ***Dharauti account of office of rural municipal executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja*** in account No.- ***06501000000003600179*** at ***Prime Bank Ltd., Phedikhola, Syangja***.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in PDF format amounting to a minimum of ***NRs. 610,000.00*** which shall be valid up to 30 days beyond the validity period of the bid.
6. Pre-bid meeting shall be held at ***Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja*** at 11.00 hrs. on ***September 10, 2024***.
7. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs. (Nepal Standard Time as set out in the PPMO server) on ***September 27, 2024***. After that time web site will not accept automatically any bids submitted.
8. The technical bid will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 hrs. on ***September 27, 2024*** at ***Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja.***
9. The price Bid will be opened after evaluation of technical bids. The e-GP system will send the e-mail notification to bidders to attend the price bid opening, whose bids will have been found substantially responsive technical bids and will have been determined as being qualified for opening of the price bids.
10. If the date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064.

***Chief Administrative Officer***

---

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : 89 SWEETS & PASTRIES CO.
पुर्व स्वीकृति मिति : २०७९/१२/१० पुन : विज्ञापन स्वीकृति मिति : २०८१/०५/१० LT No.284515 चलानी न ६०१९९८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASHER | 4 | 0 | 150 | ६५,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CHOCOLATE MAKER | 5 | 0 | 170 | ७४,२३० | | | | | | | |
| 3 | CLEANER / KITCHEN UTENSILS | 10 | 0 | 110 | ४८,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep.2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क - १0,000।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

**MAURITIUS मा रोजगार**

कम्पनी : FIREMOUNT TEXTILES LTD.
शहर : La Tour Koenig
पूर्व स्वीकृति मिति : २०८१/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० LT. No. 305538 चलानी नं. ६०२२४१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 30 | 20 | 16500 | ४८,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHIV MAHASHAKTISHALI STEELS LTD.
पूर्व स्वीकृति मिति २०८१/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० LT. No. 303878 चलानी नं. ६०२२४१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chemical/physical Testing Technician | 3 | 0 | 16665 | ४८,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ejector Technician | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 3 | Fireman/heating Technician | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 4 | Fitting Technician | 10 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 5 | Machine Technician | 10 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 6 | Material Handler & Mould Operator | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 7 | Mechanical Pusher Technician | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 8 | Plant Supply Chain Sequence Operator | 2 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 9 | Quality In Charge/microcum Sulpherprecit Inspector | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 10 | Shift In Charge/section In Charge | 3 | 0 | 16665 | ४८,४९० | | | | | | | |
| 11 | Welding & Cutting Technician | 7 | 0 | 16665 | ४८,४९० | | | | | | | |

कम्पनी : A.K.K AGRICULTURE CO LTD
पूर्व स्वीकृति मिति : २०८१/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० LT. No. 305073 चलानी नं. ६०२२४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sugar Can Field Labourer | 50 | 0 | 16500 | ४८,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WENSENG INTERNATIONAL CO. LTD
पूर्व स्वीकृति मिति : २०८०/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० LT. No. 298621 चलानी नं. ६०२१३७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cladding Technician Grade II | 25 | 0 | 16665 | ४८,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Granite Technician Grade II | 25 | 0 | 16655 | ४८,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

# तस्बिरमा श्रीकृष्ण जन्माष्टमी








१) राष्ट्रपति रामचन्द्र पौडेल श्रीकृष्ण जन्माष्टमीका अवसरमा सोमबार ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा दर्शनपश्चात् प्रसाद ग्रहण गर्दै ।
२) श्रीकृष्ण जन्माष्टमीका अवसरमा ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा पूजा आराधना गर्न आएका भक्तजनको भीड ।
३) काठमाडौँको तारकेश्वर-८ लामबगरमा श्रीपञ्चेश्वर महादेव मन्दिर संरक्षण तथा व्यवस्थापन समितिले आयोजना गरेको कलश यात्रामा सहभागी ।
४) चितवनको रत्ननगर नगरपालिका-११ स्थित श्रीकृष्ण प्रणामी मन्दिर धर्मधाम जिरौनामा पूजा आराधना गर्न लामबद्ध भक्तजन ।
५) सुर्खेतको वीरेन्द्रनगर-११ पिपिरामा अवस्थित देउतीबज्यै मन्दिरमा पूजा आराधना गर्न सोमबार लामबद्ध भक्तजन ।
६) कैलालीको धनगढी उपमहानगरपालिका-११ बेलाधामस्थित शिव मन्दिरमा पूजापाठ गर्दै व्रतालु ।

*तस्बिरहरू: रासस*

## कृष्णमन्दिरको पूजाआराधनामा पुगे राष्ट्रपति

**पाटन (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा दर्शन गरी पूजाआराधना गरेका छन् । राष्ट्रपति पौडेलले श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा पाटन दरबारस्थित कृष्णमन्दिर पुगेर भगवान् श्रीकृष्णको पूजाआराधना गरी पुजारीबाट फूल प्रसाद ग्रहण गरेका हुन् ।

यसअघि कृष्णमन्दिर परिसरमा राष्ट्रपति पौडेललाई ललितपुरबाट निर्वाचित संघीय सांसदहरू, बागमती प्रदेशसभा सदस्यहरू, ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, ललितपुर महानगरका कार्यवाहक प्रमुख मञ्जली शाक्य बज्राचार्यलगायतले स्वागत गरेका थिए ।

मन्दिर दर्शन गरी प्रसाद ग्रहणपछि राष्ट्रपति पौडेलले मंगहिटीको अवलोकन गरेका थिए । श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा राष्ट्रप्रमुखद्वारा हरेक वर्ष कृष्ण मन्दिरमा दर्शन गरी पूजाआजा गर्ने परम्परा रहेको छ ।

भगवान् श्रीकृष्णको जन्म भएको सम्झनामा हरेक वर्ष भाद्र कृष्ण अष्टमीका दिन यो पर्व मनाउने गरिन्छ । ललितपुरको पाटनस्थित कृष्णमन्दिरका साथै मुलुकभरका कृष्णमन्दिरहरूमा सोमबार दिनभर भक्तजनको घुइँचो लागेको थियो ।

## लिम्बू जातिको लिपि 'किरात सिरीजंगा वर्णमाला' सार्वजनिक



**इलाम (प्रस)–** आदिवासी लिम्बू जातिको लिपि 'किरात सिरीजंगा वर्णमाला' सार्वजनिक गरिएको छ । याक्थुङ युवा मञ्च नेपालको तेस्रो केन्द्रीय परिषद् बैठक उद्घाटनको अवसरमा मञ्चद्वारा प्रकाशित उक्त वर्णमाला सोमबार सार्वजनिक गरिएको हो ।

मञ्चका केन्द्रीय अध्यक्ष राजेन्द्र इधिंगो, मञ्चका सल्लाहकार मधुराज केरुङ, चुम्लुङ प्रदेश सल्लाहकार याम योङ्हाङ, चुम्लुङ इलाम अध्यक्ष बुद्धमाया सोङ्मी, चुम्लुङ इलाम सल्लाहकार बखतबहादुर आङ्देम्बेलगायतले संयुक्तरूपमा वर्णमाला सार्वजनिक गरेका हुन् ।

वर्णमाला सार्वजनिक हुनु लिम्बू समुदायका लागि नयाँ इतिहास निर्माण भएको मञ्चका अध्यक्ष राजेन्द्र इधिंगोले बताए । 'किरात सिरीजंगा लिपिको उन्नयन र विकासका लागि हामीले पहिलोपटक वर्णमाला तयार गरेका छौं,' अध्यक्ष इधिंगोले भने, 'हामीले भाषा र लिपि संरक्षणमा नयाँ इतिहास रचेका छौं ।'

सिरीजंगा लिपि लिम्बू समुदायमा पहिलेदेखि अभ्यासमा रहे पनि किरात समुदायका अन्य जातिहरूले यही लिपि प्रयोग गर्न थालेपछि यसलाई 'किरात सिरीजंगा लिपि' नामाकरण गरी वर्णमालाको रूपमा पहिलोपटक प्रकाशन गरिएको याक्थुङ युवा मञ्चले जनाएको छ ।

### तनहुँ बस दुर्घटना

## उपचाररत १६ मध्ये सात जना डिस्चार्ज



**काठमाडौं (प्रस)–** तनहुँको आँबुखैरेनीस्थित मर्स्याङ्दी नदीमा शुक्रबार बिहान भएको बस दुर्घटनामा घाइते भई महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचाररत १६ जनामध्ये सात जनालाई सोमबार डिस्चार्ज गरिएको छ ।

पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको भारतीय पर्यटक सवार युपी ५३ एफटी ७६२३ नम्बरको भारतीय बस आँबुखैरेनीको ऐना पहरमा दुर्घटनामा परेको थियो । अस्पतालका डा. रोहित सिंहले भने, 'बस दुर्घटनामा घाइते भएका १६ जनालाई उपचारका लागि अस्पतालमा ल्याइएकामा आज (सोमबार) सात जनालाई डिस्चार्ज गरेका छौं, बाँकी नौ जनाको अस्पतालमै उपचार भइरहेको छ, सबैको अवस्था सुधारोउन्मुख छ ।'

सोमबार डिस्चार्ज हुनेमा ५६ वर्षीया भारती पाटील, ४२ वर्षीया बर्षाभंगाणे, ७० वर्षीया कुमुदिनी झाम्रे, ४९ वर्षीया रूपाली सरोदे, ५९ वर्षीय हेमराज सरोदे, ४५ वर्षीया निलिमा भिरुड, ६५ वर्षीय सुनिल धाण्डे रहेको अस्पतालले जनाएको छ । बाँकी नौ जना घाइतेमध्ये चार जनाको आइसियूमा उपचार भइरहेको छ । हाल ५१ वर्षीय प्रविन पाटील, ५३ वर्षीय अविनास पाटील, ५९ वर्षीय अनन्त इङ्णे, ४७ वर्षीया सीमा इङ्णे, ५८ वर्षीया आशा बोण्डे, ६२ वर्षीय नैनेश्वर बोण्डे, ५० वर्षीया शारदा पाटील, ४७ वर्षीया रेखा सुरवाडे तथा ५८ वर्षीया आशा पाटील उपचाररत रहेको अस्पतालले जनाएको छ ।

डा. सिंहले भने, 'घाइतेहरू अधिकांशको हात, खुट्टा, निधार, टाउको, छाती, ढाडलगायतका ठाउँमा गहिरो चोट लागेको छ, उहाँहरूको अवस्था सुधारोन्मुख छ ।' उपचार गराइरहेका ५९ वर्षीय अनन्त इङ्णेले आफूहरूको स्वास्थ्य अवस्थामा सुधार आइरहेको बताए । 'हामीले राम्रो उपचार पाएका छौं, समयमै राम्रो उपचारका कारण हाम्रो ज्यान बच्यो, सबैलाई धन्यवाद छ ।'

दुर्घटनामा २७ जना भारतीय पर्यटकले ज्यान गुमाएका थिए । मृत्यु भएकाहरूको शव परीक्षण गरी भारतीय वायु सेनाको जहाजमार्फत भारत लगिएको छ । घाइतेलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौं ल्याइएको थियो । भारतीय पर्यटकहरू यही भदौ ४ गते पशुपतिनाथको दर्शनका लागि काठमाडौं आउँदै गर्दा दुर्घटनामा परेका थिए ।


**MAURITIUS मा रोजगार**
कम्पनी : LONDON SUPERMARKET LTD
शहर : Grande Riviere Noire
पुर्व स्वीकृति मिति : २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० | LT. No.304756 | चलानी नं. ६०२१९६६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 5 | 0 | 16500 | ४६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Machine Operators | 42 | 0 | 16500 | ४६,९६० | | | | | | | |
| 3 | Pastry Maker | 5 | 0 | 16500 | ४६,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

**कतारमा रोजगार**
कम्पनी : PRIVILEGE TRANSACTION PERSONALIZATION SERVICES
शहर : Doha
पुर्व स्वीकृति मिति : २०८१/०२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० | LT. No. 305047 | चलानी नं. ६०२१९८४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ground Steward | 0 | 2 | 1300 | ४७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
श्रम ईजाजत नं.८०१/०६५/०६६
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4385025
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

**साउदीमा रोजगार**
कम्पनी : QASMA MOAZI ALI AL -BALAWI RESTAURANT FOR SERVING MEALS
शहर : Riyadh
पुर्व स्वीकृति मिति २०८१/०५/०७ | LT No. 309427 | चलानी नं. ६०२२४१०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

**जापानमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : REGIONAL INDUSTRY PARTNERSHIP COOPERATIVE
पूर्व स्वीकृति मिति २०८१/०५/०७ | LT. No. 309353 | चलानी नं. ६०२२४१०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 155,000 | १,४२,९६५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

CAREER DEVELOPMENT HUMAN RESOURCE PVT. LTD.
(Maharaja Human Resource Pvt.ltd)
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रोजगारीको अवसर गुम्न नदेऊ

**जापानमा रोजगारीमा पठाउनेगरी सरकारले त्यहाँको सरकारसँग सम्झौता गरेको पाँच वर्ष बित्यो। तर, यो पाँच वर्षको अवधिमा सरकारले प्रभावकारी काम गर्न नसक्दा सम्झौता अवधि सकिएको छ। यो अवधिमा कामदार पठाउन सरकारले जति तदारुकता देखाउनुपर्थ्यो त्यो काम गर्नै सकेन। अलमलमै बितायो। जसको परिणाम आकर्षक रोजगारीको प्रतीक्षामा रहेकाहरू निराश बन्नुपर्‍यो।**

**मुलुकमा रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगार नेपालीहरुको बाध्यता बनेको छ। नेपालको रोजगार क्षेत्र मलेसिया र खाडी मुलुकहरुमा केन्द्रित छ। पछिल्लो समय युरोपेली मुलुकहरु, दक्षिण कोरिया, जापानलगायतमा पनि विस्तार भएका छन्। तर, अझै पनि ती मुलुकमा रोजगारीको अवसरलाई व्यापकता दिन सकिरहेको छैन। यसो हुनुमा विभिन्न कारण छन्। जसमध्ये एउटा प्रमुख कारण नेपाल सरकारकै कमजोरी हो। सरकारकै कमजोरी वा लापारवाहीले युवाहरु आकर्षक गन्तव्यमा जानबाट वञ्चित भइरहेका छन्।**

**त्यसो त सरकारको काम प्रभावकारी नबन्नुमा सरकार आफैं अस्थिर बन्नुले विशेष भूमिका खेलेको छ। वैदेशिक रोजगारसम्बन्धी जिम्मेवारी बोकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पटक–पटक मन्त्री फेरिए। जसले गर्दा सरकारको नीति र प्राथमिकता स्थिर बन्न सकेन। एउटा मन्त्री आएर एक खालको नीति तय गर्ने, अर्को आएर भत्काउने प्रवृत्ति दोहोरिरह्यो। जसले रोजगारीको क्षेत्रमा मुलुकले निकै राम्रा अवसरहरु गुमाउनुपरिरहेको छ। जसको ज्वलन्त उदाहरण जापान हो। जापान सरकारसँग जिटुजी प्रणालीमार्फत सीपयुक्त कामदार पठाउने सम्झौता सन् २०१९ मै भएको हो। तर, उक्त सम्झौता कार्यान्वयनमा नेपाल चुकेको छ।**

**त्यसो त सरकारले बाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्ने बताउँदै आएको छ। तर, तत्काल यो सम्भव छैन। मुलुकमा उत्पादनमूलक क्षेत्रको विस्तार नभएसम्म रोजगारीको अवसर सिर्जना गर्न कठिन छ। रोजगारी सिर्जना गर्ने काममा पनि सरकारमा पुगेका व्यक्तिहरु गफमै सीमित हुन पुगेका छन्। देखिनेगरी काम गर्न कसैले सकेका छैनन्।**

**अर्कोतर्फ, मुलुकको अर्थतन्त्र संकटको अवस्थामा रहँदा वैदेशिक रोजगारीमा गएकाहरुले पठाउने रेमिटचान्सले बलियो टेको दिने काम गरेको छ। त्यसैले मुलुकमा वैदेशिक रोजगारको योगदानलाई नजरअन्दाज गर्न मिल्दैन। सरकारको नीति वैदेशिक रोजगारलाई आकर्षक र सुरक्षित मुलुकहरुमा विस्तार गर्ने रहेको छ। तर, काम भने त्यसअनुरुप हुन सकिरहेको छैन। जापानलगायत अन्य मुलुकहरुमा रोजगारीमा जाने वातावरण बनाउन श्रम मन्त्रालय जिम्मेवार बन्नुको विकल्प छैन। सधैं अलमल गरेर रोजगारीको अवसर गुम्न नदेऊ।**

## मनन्योग्य

### चाणक्य नीति

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो। सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन्। भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ। तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो।

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे। शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए।

अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे। यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो। धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो। यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए। क्रमशः

# युवामैत्री नीति र व्यावहारिक कार्यान्वयनको आवश्यकता



■ मनोहर कार्की

> नेपाली युवा रोजगारीका लागि बर्सेनि हजारौंका संख्यामा मध्यपूर्वका खाडी मुलुक, मलेसिया तथा दक्षिण कोरियामा कृषि, औद्योगिक, निर्माण तथा सेवा उद्योगमा रोजगारीका लागि गइरहेका छन्। वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुमा गइरहेका नेपाली युवाहरुको रोजगारीको ग्यारेण्टी, तलब र ज्यालाको न्यायोचित व्यवस्थापन, सुरक्षाको प्रत्याभूति र कार्यस्थलमा दुर्घटना भएमा यथोचित उपचारको व्यवस्थाका लागि सम्बन्धित निकायले तदारूकताका साथ कार्य गर्नुपर्दथ्यो भन्ने सन्दर्भमा जनगुनासो पूर्णतः सम्बोधन भएको देखिँदैन। यस दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ।

आजको विश्वमञ्चमा युवाका आवश्यकता, समग्र विकास र परिवर्तनका दिशामा युवाको भूमिकालाई सम्बोधन गर्ने दिशामा कार्य हुनुपर्दछ। विकास र परिवर्तनतर्फका साझा प्रयास र वर्तमानका चुनौतीलाई सामना गर्नेतर्फ विश्वमञ्चको दृष्टिकोण कुनै न कुनै रूपमा युवाप्रति लक्षित भएको नै छ। विश्वको दोस्रो आर्थिक शक्ति चीन तथा उदाउँदो ठूलो अर्थतन्त्रको निकट छिमेकी मुलुक भारतका विकास र समृद्धिका अजस्र सम्भाव्यताबाट लाभ लिनसक्ने मुलुक हो। विज्ञानका नवीनतम खोज, अनुसन्धान तथा प्रविधिको उपयोग र हाम्रा विकास निर्माणमा ऊर्जाशील युवा जनशक्तिको भरपुर उपयोग र समग्र राष्ट्रको विकास र रूपान्तरणमा युवाको आवश्यकता बोध गरी तत्जनित नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्राथमिकता हुनुपर्छ।

सन् १९९८ को अगस्टमा पोर्चुगलको राजधानी लिस्बनमा आयोजित विभिन्न देशका युवा मन्त्रालय हेर्ने मन्त्रीहरूको विश्व सम्मेलनले सर्वसम्मत रूपमा सुझावसहित पारित गरेको प्रस्तावका सुझावका आधारमा सन् १९९९ को डिसेम्बरमा भएको सयुंक्त राष्ट्रसंघको साधारणसभाले सर्वसम्मत रूपमा पारित गरेको प्रस्ताव अनुसार प्रत्येक वर्षको अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाइँदै आइएको छ। यस दिवसलाई सार्थकता दिन युवाहरूलाई विकास र सहभागितामा अधिकतम परिचालन गर्ने उद्देश्यका साथ युवा केन्द्रित मुद्दा तथा तत्सम्बन्धी चेतनामूलक कार्यक्रमहरू परिलक्षित रहेका छन्। उद्यमशीलता, नवप्रवर्तन, विकासमा साझेदारीजस्ता क्षेत्रमा युवाको भूमिका र समुदायका आवश्यकता परिपूर्तिमा तिनका योगदानलाई बढावा दिन सक्नुपर्दछ भन्ने ध्येयका सन्देश प्रवाह गर्नुपर्छ।

नेपालको सन्दर्भमा युवालाई विकासको साझेदारी र परिवर्तनको संवाहकका रूपमा महत्त्व दिएर युवा केन्द्रित कार्यक्रमलाई सरकारको नीति तथा कार्यक्रममा पनि समावेश गरिएको छ। नेपालका युवाहरूको विकास तथा उनीहरूमा रहेका सिर्जनशीलता, ऊर्जा र विकासमा पुर्‍याउन सक्ने योगदानको सम्भाव्यतालाई मनन गरी केही वर्षअघि नै युवा तथा खेलकुद मन्त्रालयले संस्थागतरूपमा युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। तर, ती युवालक्षित कार्यक्रमहरू सोचेजस्तो प्रभावकारी हुन सकेनन्। कार्यान्वयनका दिशामा भए गरेका कमी कमजोरीको मिहिन समीक्षा गरी आगामी कार्यक्रममा निखारता ल्याउन सक्नुपर्दछ।

सरकारीस्तरमा नै युवा तथा खेलकुद मन्त्रालयको अगुवाइमा विगतका वर्षदेखि नै युवा लक्षित कार्यक्रमहरू अघि नबढेका होइनन्। विकासको मेरुदण्डका रूपमा रहेका युवाहरूको समयानुकूल विकास र तिनका सीप, शिक्षा तथा ज्ञानको ठोस रूपान्तरणका सन्दर्भमा सरकारी निकायले आफ्ना कार्यक्रम तथा नीतिगत योजनामा युवालक्षित कार्यक्रमलाई यथोचित बजेट विनियोजन, रोजगारीका अवसरको सिर्जना तथा उद्यमशील जनशक्ति निर्माणका दिशामा सार्थक प्रयास हुने थियो। पछिल्लो जनगणना २०७८ को तथ्यांकअनुसार युवा जनशक्ति भएका विश्वका उच्च स्थानका मुलुकमा नेपाल पनि अग्रपंक्तिमा पर्दछ। लाखौं युवा जनशक्तिको उचित र सम्मानजनक परिचालन र राष्ट्र निर्माणमा अवसरको सिर्जनामा वर्तमान गठबन्धन सरकारले प्राथमिकताका साथ कार्य गरोस्। युवाका भरोसा परालको त्यान्द्रो जस्तो नहोस्।

प्रजातन्त्रको पुनःस्थापनाका लागि २०४६ सालको ऐतिहासिक जनआन्दोलन तथा २०६२/६३ को दोस्रो ऐतिहासिक जनआन्दोलनमा नेपाली युवाले अग्रमोर्चामा रही कार्य गरेका हुन्। तत्पश्चात् लोकतन्त्र र संघीय गणतन्त्रको संस्थागत विकासका अभियानमा नेपाली युवाले आफ्नो भूमिकालाई अझ गुणात्मक र लोकतन्त्रको पर्यायवाची अभियन्ताका रूपमा उभिनु युवाको पहिलो दायित्व रहेको छ। लोकतन्त्र, मानवअधिकार तथा विधिको शासन पर्यायवाची हुन्। महिलाविरुद्धका हिंसा, बलात्कार, बालअधिकारको उल्लंघन तथा मानवता विरोधी कार्यको निन्दा र निरुत्साहन जति भए पनि अपुग छ। जनताको हित र अधिकारको संरक्षणको सवालमा सडक र बस्तीमा उठेका आवाजलाई पैरवी र सरकार तथा सरोकारवाला निकायको ध्यानाकर्षण र अधिकार रक्षाका लागि युवा वर्गले आफ्नो भूमिका र दायित्वलाई अझ मुखरित गर्नुपर्छ।

सिर्जनशीलता, ऊर्जा र मुलुकको समृद्धि तथा २१औं शताब्दीको चुनौती सामना गर्नसक्ने जनशक्ति युवा हो। युवा वर्गको योगदानको सम्भाव्यतालाई मनन् गरी सरकारीस्तरमा नै युवा तथा खेलकुद मन्त्रालयको अगुवाइमा विगतका वर्षदेखि युवा लक्षित कार्यक्रमहरू अघि नबढेका होइनन्। विकासको मेरुदण्ड युवाको समयानुकूल विकास र तिनका सीप, शिक्षा तथा ज्ञानको उपयोगका लागि ठोस तथा परिणाममुखी कार्य नभएको सन्दर्भमा यस्ता सरकारी निकायले आफ्नो कार्यक्रम तथा नीतिगत योजनामा युवा लक्षित कार्यक्रमलाई यथोचित बजेट विनियोजन गर्न चुक्नु हुँदैन। रोजगारीका अवसरको सिर्जना तथा स्वावलम्बी र उद्यमशील युवा जनशक्ति निर्माणको दिशामा कार्यले निरन्तरता पाउन सकेको खण्डमा विकसित र समृद्ध नेपाल बनाउन सकिन्छ। नवप्रवर्तनकारी, सिर्जनात्मक सोच, उद्यमशील कर्मजीवी युवा जमातलाई मुलुक निर्माणको अभियानमा अघि बढाऔं। मुलुकले विकास र समृद्धि तथा रचनात्मक चिन्तन, सोच, भविष्यद्रष्टा ऊर्जावान् युवाको कार्य वातावरण र निर्माणात्मक अवधारणा बोकेका युवाका सीप र जाँगरको मुलुक निर्माणको महाअभियानमा समाहित हाम्रो ध्येय हुनुपर्छ। इमान्दार, कर्मशील तथा मुलुकको माटोलाई आत्मसात् गर्ने युवाशक्तिको परिचालन गरौं। नवनिर्माणको अभियानले संस्थागत विकास खोजेको छ। फितलो प्रवृत्ति र कार्य वातावरणले मुलुक उँभो लाग्दैन। युवालाई दायित्वबोध गर्ने वातावरण राज्यले निर्माण गरिदियोस्।

राष्ट्रिय युवा परिषद्को गठन भयो। यसका सञ्चालक तथा पदाधिकारीहरूले युवा विकास र मुलुकको विकासको साझेदारीका ऊर्जा वा शक्तिका रूपमा रहेका युवालाई उत्साहित, प्रोत्साहित र उद्यमी बनाउने खालका ठोस कार्यक्रम ल्याउन सकेको छैन। युवालाई सीपसँग जोड्ने, रोजगारीसँग गाँस्ने, युवालाई उद्यमी बनाउने तथा नवप्रवर्तनका क्षेत्रमा प्रोत्साहन गर्ने, खेलकुद र अन्तर्राष्ट्रियताको भावना विकास गर्ने दिशामा परिषद्ले केही गर्नुपर्‍यो। मुलुकको सक्रिय जनसंख्या युवा हुन्। यिनीहरूको सीप र ज्ञानको भरपुर उपयोग गरिनुपर्दछ स्वदेशमै। जसका लागि प्रभावकारी युवा नीति र कार्यक्रम ल्याउनुपर्छ। देशका ४०/५० लाखको हाराहारीका युवा रोजगारीका लागि विदेश पलायन हुनु हाम्रो लागि ठूलो चुनौती हो। युवाका मागलाई सम्बोधन गरौं, यहीं काम, पैसा र सम्मानको परम्परालाई दरिलो संस्थागत गरौं। श्रम तथा रोजगार मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयलगायत सम्बन्धित सबै सरकारी गैरसरकारी र निजी क्षेत्रले सहकार्य र सहयोगको क्षेत्र विस्तार गरेमा केही परिवर्तनको आभाष पाउन सकिन्छ।

विभिन्न देश, काल परिस्थितिअनुसार युवाहरूको आवश्यकता तथा समस्याहरू फरक-फरक रहेका छन्। विकसित देशका युवाहरूका आवश्यकता तथा अति कम विकसित एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी देशका युवाहरूको आवश्यकताको पहिचान तथा विद्यमान विश्व व्यवस्थामा तिनका क्षेत्रगत समस्यालाई सम्बोधन गर्ने दिशामा संयुक्त राष्ट्रसंघलगायतका निकायको प्रयासमा सम्बन्धित देशले युवा विकास तथा युवा परिचालनसम्बन्धी स्पष्ट नीतिगत कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने दिशामा प्रभावकारी काम गर्न विलम्ब गर्नु हुन्न। साझा प्रयास र प्रतिबद्धता आजको आवश्यकता हो। भोलिको सुन्दर भविष्यको कोरा कल्पनामा मात्र हामीले हाम्रो शक्ति र ऊर्जा खर्च गर्ने समय छैन। जसका लागि परिवर्तन र रूपान्तरणका दिशामा ठोस कार्यको आवश्यक छ। युवा विकास तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रिय नीति तथा युवा लक्षित कार्यक्रममा सबै क्षेत्र र वर्गको साझा सोच, चिन्तन र दिशाबोध हुनुपर्दछ।

युवा नीति-२०७२, युथ भिजन-२०२५ तथा अन्तर्राष्ट्रिय कानुन र युवा लक्षित मुद्दा कार्यान्वयन सोचेजस्तो व्यावहारिकरूपमा आउन नसकेको आमगुनासो छ। युवा लक्षित नीति तथा कार्यक्रमले युवामा आशा र भरोसा दिन सकेको छैन। युवा र २१औं शताब्दीका चुनौतीलाई सम्बोधन गर्ने दिशामा ठोस कदम चाल्न नसक्नु विडम्बना हो। नेपालका युवाहरूमा देखिएको विकराल समस्या लागुपदार्थ दुर्व्यसन, वेरोजगारीलगायतका समस्याको पेचिलो सम्बोधन र यस्ता समस्याको दिशामा कार्यक्रम परिलक्षित हुनुपर्दछ। जसका लागि विद्यालयस्तरदेखि नै खेलकुद तथा स्वस्थ मनोरञ्जन र युवाहरूलाई नवीन सिर्जनात्मक कार्यमा लगाउने दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ। युवालाई विकास तथा सिर्जनाका क्षेत्रमा अभिमुख गर्न उनीहरूको मनोबल उच्च राख्ने सवालमा सरोकारवाला निकायले युवामैत्री वातावरण बनाउने कार्यको प्रभावकारिता आजको आवश्यकता पनि हो।

नेपाली युवा रोजगारीका लागि बर्सेनि हजारौंका संख्यामा मध्यपूर्वका खाडी मुलुक, मलेसिया तथा दक्षिण कोरियामा कृषि, औद्योगिक, निर्माण तथा सेवा उद्योगमा रोजगारीका लागि गइरहेका छन्। वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूमा गइरहेका नेपाली युवाहरूको रोजगारीको ग्यारेण्टी, तलब र ज्यालाको न्यायोचित व्यवस्थापन, सुरक्षाको प्रत्याभूति र कार्यस्थलमा दुर्घटना भएमा यथोचित उपचारको व्यवस्थाका लागि सम्बन्धित निकायले तदारुकताका साथ कार्य गर्नुपर्दथ्यो भन्ने सन्दर्भमा जनगुनासो पूर्णतः सम्बोधन भएको देखिँदैन। यस दिशामा सम्बन्धित देशमा कार्यरत दूतावास, श्रम सहचारीलागायत निकायको ध्यान पुग्नुपर्दछ। नागरिकको सुरक्षित कार्य वातावरण, सेवा सुविधाको न्यायोचित वितरणलगायतका कुरा आधार भूत मानवाधिकारसँग पनि जोडिएका विषय हुन्।

प्रचलित युवा नीतिको सबल कार्यान्वयन गरे एक हदसम्म रोजगार, सीप आर्जन तथा अध्ययनका लागि बर्सेनि हजारौं युवा विदेशमा जाने, सयौं युवा जनशक्ति पलायन हुने परम्परालाई निरुत्साहित गर्न सकिन्थ्यो कि ! युवा परिवर्तनका संवाहक हुन्, परिवर्तनका अनुयायी र 'चेञ्ज मेकर'को रूपमा नेपाली युवालाई राष्ट्र निर्माणको मूलधारमा ल्याउने दिशामा जुझारु र क्रियाशील बनाउन ठोस कार्यक्रमले अवश्य पनि मद्दत गर्ने छ।




# तिनका बाउको बिर्ता हो देश !

ठूलाघरे कान्छो फलैंचाबाट जुरुक्क उठेर कराउन थाल्यो। हैन घिच्न पनि कति सकेका हुन् ! देश कंगाल बनाएर आफूमात्र मोटाउनुपर्ने। कान्छो यसरी बुर्लुक्क उफ्रनुको कारण फलैंचामाथि बाको पालामा किनेर नियमित बज्दै आइरहेको रेडियोले दिएको समाचार नै थियो। गाउँतिर खुलेको एफएम रेडियोदेखि सरकारको मुखपत्र रेडियोले समेत एउटा समाचार जस्ताको तस्तै सुनाइरहेको थियो। मन्त्रिपरिषद्मा ठूला हाकिमहरूको तलब बढाउने त्यो पनि मर्यादाक्रम अनुसार रे !

आजकल समाचार सुनाउनेदेखि देखाउनेसम्मले सत्य तथ्य समाचार भन्दा पनि एउटा कुनै एजेण्टले जे दियो त्यही नै आधिकारिक भन्नेजस्तै भएको छ। त्यही भएर कान्छोले रेडियोका ब्याण्ड जता बटारे पनि हुबहु समाचारबाहेक अरू केही सुन्नै नपाएपछि जंगिनु स्वाभाविक पनि हो। हुन पनि सरकारका बस्ने नेता र सरकारले चलाउने स्थायी कर्मचारी संयन्त्रको मात्र देश जस्तो भयो। ठूलाघरे कान्छो रिसाएर आँगनमा फनफनी घुमेको देखेर माझघरे राजनमात्र हो र, डाँडाघरे रामे पनि उतैबाट चिच्याउन थाले।

'हैन हो ठूला घरे कान्छा, के भो आज त निकै नै भनभनिएको छस् के भो ?' विचरा रामे र राजनले त्यस्ता समाचार सुन्ने गाउँको देशको बारे थाहा पाउने गरेको भए पो ! बिहान जुरुक्क उठ्यो पारि पिप्ला बोटा हर्केको चिया पसलमा गयो। धुँवा उडायो अनि देश हाँक्ने गफ चुट्नेबाहेक के नै पो जान्या थे र !

ठूलोघरे कान्छाको बाउकै पालामा रेडियो झ्यालमा राखे घन्काउन्या खलक। त्यसका बाउले दोभानेको डाँडाको धान बेचेर किनेको रेडियो भन्ने गाउँभरिकालाई थाहा छ। त्यही रेडियो सुन्न थालेकाले कान्छोले देशको बारेमा जान्न, खोज्न र चिन्ता गर्न थालेको। ऊ गाउँका ठेउके नेताको कुरा सुन्नेभन्दा पनि राष्ट्रिय अन्तर ार्ष्ट्रिय घटनाका बारेमा चौतारोमा अरुलाई सुनाउँथ्यो। राताघरे माइला बाले त उसलाई ठूला घरे कान्छोको सट्टा रेडियो कान्छो नै भनेर बोलाउँथे।

राणाकालमा सीमितले मोज गरे। पञ्चायत शासनकालमा हनुमानहरूले भोज गरे। प्रजातन्त्र, लोकतन्त्र भन्दै गणतन्त्र आउँदाको ३५ वर्षमा पाँचजनाले देशमाथि प्रीतिभोज नै गरिरहेका छन्। मानौं देश तिनका बाउको बिर्ता हो ? कान्छोले र डाँडाघरतिर हेर्दै प्रश्न गर्‍यो। उताबाट उत्तर आयो, 'नभएर पनि हो के गर्ने त ?' तिमी हामीले नै पठाको हो। उनैले जबरजस्ती गरेका हैनन क्यार ? अरुलाई के दोष दिन्छौं, आफ्नै पुर्पुरोमा हात राख।

डाँडाघरे रामेका कुरा पनि ठिकै हो। खायो लुट्यो भन्दा पनि भोट किन हाल्यो त्यही मान्छेलाई पटक-पटक भन्ने पनि हो सोच्नु नि ! हो मा हो मिलाउँदै थिए माझघरे राजन पनि। 'हुन्देऊ हो कान्छा हुन्देऊ,' रामे डाँडाबाटै कराउन थाल्यो। अब रन्थनिएर केही हुँदैन। भाग्यमा लेखेपछि पायो त। हजुरबाको पालादेखि नातिको पालासम्म एउटैले हाँक्यो त के भो ? दिने हामी नै हौं। मिलाइमिलाइ खाऊ भनेर पठाएपछि अब तातेर हुँदैन।

तात्ने भनेको त भोट हाल्ने बेला पो हो त ! जितेर गएपछि त सामन्त भइगो नि ! अब किन टेर्छ र ? काले-काले मिलेर खाउँ भाले त्यसै भनेको हो र ? कर्मचारी राजनीतिज्ञ मिल्ने हो, मिलाएरै खाने हो। कर्मचारीले खाने घूस, नेताले खाने त्यही घूसको कमिसन ! उताबाट राजन भटचाउन थाल्यो। पेन्सन खानेले किन लिने हो टेन्सन ? हरेक कागजपत्रमा गरे भैगो नि 'मेन्सन'। सरकारी कर्मचारी, न भोक न भकारी। हरेक महिना तलब, भत्ता यो सुविधा त्यो सुविधा त्यसपछि हरेक फाइलबाट निस्कने जुस खाने घूस, त्यसपछि के चाहियो ? त्यसै बन्छ अनामनगर बानेश्वरमा बहुतले घर ?

*सेतो ड्रेस सेतै छ गाडी*
*आउने जाने सबैलाई तयारी।*

सवारीसाधन, इन्धन अरु सेवा सुविधा पनि हो। त्यत्ति गरे पो नेता पनि पालिन्छ। बेकारमा किन फालिन्छ ? उसका बाले पनि यसै गरेका हुन्। त्यसले पनि त्यसै गर्छन्। कान्छोले खै किन चित्त बुझिरहेकै छैन। राष्ट्रियताको कुरा यसकहाँ कहाँबाट आउला र ? बाको पालादेखि नातिको पालासम्म राजनीति। हजुरबाले पनि उनैको शासन झेले बाले पनि झेले नाति पनि उसैको शासन झेलिरहेको छ। ३५ वर्षदेखि बाउको बिर्ताजस्तै गरेका छन्। अरू त मान्छे नै छैनन्। अरुसँग त भिजन नै छैन। लाटोकोसेरोदेखि दुम्सीकाँडासम्मले पालैपालो रेटीरेटी गाका छन्। अरुलाई त त्यहाँ पुग्नै नदिने हो नि !

मर्यादाक्रम नाममा कामै नगरी खानलाई हो। उपल्ला बस्नेहरूलाई मात्र महँगी लाग्ने हो ? कि सानातिनालाई चाहिँ अनुदान दिएको छ र ? प्रशासन संयन्त्र पनि बाउको बिर्ता होइन। राजनीति गरेको पनि बाउको बिर्ता होइन। बाउको बिर्ताजस्तै गरी पुस्तौं पुस्तासम्म जबर जस्ती खाइरहने हो र ? यत्तिका वर्षसम्म बाउको बिर्ताजस्तै गरी सम्हाल्दा परिवर्तनचाहिँ के भयो ? तीन तहकाले कमिसन खाने, देश रित्याउने। अनि फेरि बाउको बिर्ताजस्तै गरी आफ्नै स्वास्नी छोराछोरीलाई सुम्पने ? सामन्त राजतन्त्रभन्दा के फरक भयो र ? लोकतन्त्र र गणतन्त्र तिनका पुस्ताका लागिमात्र हो र ?

होइन भने ठूलाघरे कान्छाले भनेजस्तै भैगो नि त ! यो देश कसैको बाउको बिर्ता होइन। बाँडीबाँडी खानका लागि। जिम्मेवारी लिने अनि छाड्न सक्नुपर्दछ। जनताले बस भन्दा बस्ने र जनताले छाड भन्दा छाड्नु भन्ने हैसियत राख्नुपर्दछ। न कि आर्यघाटसम्म पुगिञ्जेल सत्ताको स्वाद चाखिरहने अनि मृत्युको मुखमा पुगिसक्दा पनि आफ्नै सन्ततीलाई राखिरहने ? त्यही भएर पनि भनेको देश तिम्रा बाउको बिर्ता होइन ? छाड भन्दा छाड्न सक्नुपर्छ।

# उद्धार गर्न चिठी पठाउँदा....



**म्याग्दी–** समुद्री सतहबाट चार हजार ८०० मिटर उचाइमा रहेको मुस्ताङको धार्मिकस्थल दामोदरकुण्डमा जनैपूर्णिमा पर्वका अवसरमा पूजाआजाका लागि यही भदौ २ गते त्यहाँ पुगेकी गण्डकी प्रदेशसभा सदस्य विमला गौचन लेक लागेर (अक्सिजन अभाव भएर) बिरामी परिन् । टाउको दुखिरहने, शरीर गल्ने, खाना अरुचि हुनेजस्ता लक्षणसँगै हिँडडुल गर्न नसक्ने भएर दामोदरकुण्डकै धर्मशालामा अन्य दुईजना साथी र सहयोगीसँग बसेकी गौचनको टोलीलाई नेपाली सेनाको हेलिकप्टरले भदौ ६ गते उद्धार गरेको थियो ।

'दामोदरकुण्डप्रतिको आस्थाका कारण नेपालसँगै भारतबाट धैरै तीर्थयात्री आउने यस स्थानमा सञ्चार र स्वास्थ्य सुविधाको अतिआवश्यकता महसुस भयो,' उनले भनिन्, 'मोबाइल फोन सेवा विस्तार हुँदा समयमै उद्धार र प्राथमिक उपचारका लागि स्वास्थ्यकर्मी परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा बिरामी तीर्थयात्रीले समयमा नै उपचार पाउने थिए ।'

प्रदेशसभा सदस्य गौचनको स्वास्थ्यमा सुधार भइरहेको छ । सञ्चार सुविधा अभावमा उद्धारका लागि चिठी लेखेर पठाउँदा ढिलाइ भएको उनले बताइन् । धार्मिक पर्यटनका हिसाबले प्रशस्त सम्भावना भए पनि भौगोलिक विकटताका कारण दामोदरकुण्डमा राज्यको नजर पर्न नसकेको गौचनले बताइन् ।

दामोदरकुण्डको समस्या र आवश्यकताका विषयमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, संघीय सरकारका गृहमन्त्री रमेश लेखक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई टेलिफोनबाट जानकारी गराएको प्रदेशसभा सदस्य गौचनले बताइन् ।

कालीगण्डकी नदीको उद्गमस्थल दामोदरकुण्ड मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाको-४ को भूगोलमा पर्छ । यहाँ स्नान गर्नाले आध्यात्मिक सन्तुष्टि मिल्नुका साथै मनोकांक्षा पूरा हुने जनविश्वास छ । कालीगण्डकीमा मात्र पाइने शालिग्राम शिलालाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुका रूपमा पुज्ने गर्दछन् । दामोदर हिमशृंखलाको फेदीमा रहेको यस स्थल धार्मिक र प्रकृतिको मनोरम संगम हो ।

मौसम र वातावरणीय हिसाबले जेठदेखि साउनसम्म दामोदरकुण्ड जान उपयुक्त हुन्छ । पाँचवटा कुण्ड रहेको दामोदरकुण्ड स्नानका लागि जनैपूर्णिमा र चैतेदसैंका दिन भक्तजन बढी संख्यामा जान्छन् । भक्तजनले दुईवटा ठूला कुण्डमा स्नान गर्ने गर्दछन् । कुण्ड वरिपरि कुशको हरियाली छ । उच्च भूभागमा पाइने यहाँको कुशको विशेष धार्मिक महत्त्व छ । कालीगण्डकी करिडोरको जोमसोम-कोरला सडक हुँदै अपर मुस्ताङको चराङसम्म पुगेपछि त्यहाँबाट दुई घण्टाको सवारीसाधनको यात्रापछि यारागाउँ पुग्न सकिन्छ । यारा गाउँबाट माथि भ्रुमा ठाटीसम्म सडक पुगे पनि राम्रो नभएकाले भक्तजन याराबाट नै घोडाको यात्रा गर्दछन् । याराबाट करिब नौ घण्टा घोडाको यात्रापछि दामोदरकुण्ड पुग्न सकिन्छ ।

सडक यातायात, सञ्चार र बसोबासको राम्रो व्यवस्था नभएका कारण दामोदरकुण्डको यात्रा जोखिमयुक्त र कठिन भएको काठमाडौंबाट आएका धनीकुमार सापकोटाले बताए । भक्तजनको सुविधाका लागि लोघेकर दामोदरकुण्ड गाउँपालिकाले धर्मशाला र पिउने पानीको व्यवस्था मिलाएको छ । असारदेखि साउनसम्म धर्मशालामा निःशुल्क भोजनको व्यवस्था मिलाइएको हुन्छ । कठिन यात्रा गरेर दामोदरकुण्ड पुगेपछि यहाँको प्राकृतिक सुन्दरताले सबै दुःखकष्ट भुलाइदिने उनले बताए । 'दामोदरकुण्ड साँच्चिकै स्वर्गको टुक्राजस्तो लाग्यो,' उनले भने, 'धार्मिक र प्रकृतिको सुन्दर संगमस्थलको अनुभूति भयो ।' दामोदरकुण्ड पुग्न र फर्किन प्रतिघोडा १० हजार रूपैयाँ खर्च लाग्ने हालै त्यहाँ गएर आएका बेनी नगरपालिका-३ की राम्जी सुवेदीले बताए ।

'दामोदरकुण्ड साँच्चिकै स्वर्गको टुक्राजस्तो लाग्यो,' उनले भने, 'धार्मिक र प्रकृतिको सुन्दर संगमस्थलको अनुभूति भयो ।' दामोदरकुण्ड पुग्न र फर्किन प्रतिघोडा १० हजार रूपैयाँ खर्च लाग्ने हालै त्यहाँ गएर आएका बेनी नगरपालिका-३ की राम्जी सुवेदीले बताए । पाँच हजार ५०० मिटरभन्दा अग्ला दुई पहाड उकालो र ओरालो भिरको बाटो भएर दामोदर पास पार गरेपछि दामोदरकुण्डको समथर भूभागमा पुगिने उनले बताए । वरपरका सेता हिमचुचुराले घेरिएको दामोदरकुण्डको उपत्यका सुन्दर र मनमोहक देखिने सुवेदीले बताए । *रासस*



**गौरा नृत्य** | काठमाडौंको टुँडिखेलमा सोमबार प्रशंसा संरक्षण समूहले गौरा पर्वको अवसरमा आयोजना गरेको कार्यक्रममा नृत्य प्रस्तुत गर्दै महिला ।

*तस्बिर: हरिराम भेटुवाल/रासस*

# चितवनमा ५०० भन्दा बढीमा डेंगु संक्रमण

**चितवन (प्रस)**– जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ५८८ जनामा डेंगु संक्रमण देखिएको छ । अस्पतालमा आएका बिरामीमध्ये दुई हजार ३९४ जनाको परीक्षण गर्दा ५८८ जनामा डेंगु संक्रमण देखिएको हो ।

संक्रमितमध्ये ४१७ चितवनका छन् भने १७१ जना जिल्लाबाहिरका रहेका जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले जानकारी दिए । उनका अनुसार लामखुट्टेको टोकाइबाट यो रोग लाग्ने गर्दछ । उनले भने, 'सूर्य उदाएको दुई घण्टा अघि र अस्ताउने समयमा दुई घण्टा अघि लामखुट्टेले टोक्ने गर्छ । त्यो समयमा लामखुट्टेको सम्पर्कमा जो बढी गयो त्यसैलाई संक्रमणको जोखिम रहन्छ ।'

साउन यता जिल्लाका सात पालिकामध्ये इच्छाकामना गाउँपालिकामा २३६ जनामा डेंगु संक्रमण देखिएको छ । यस्तै, भरतपुर महानगरपालिकामा १०७, खैरहनीमा ११, रत्ननगरमा ४९, माडीमा तीन, राप्तीमा तीन र कालिका नगरपालिकामा आठजनामा संक्रमण देखिएको केसीले जानकारी दिए । उनका अनुसार जिल्लामा भेटिएका संक्रमितमध्ये २२५ महिला र १९२ जना पुरुष छन् ।

वर्षा हुने र घाम लाग्ने हुँदा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेषगरी भदौ, असोजमा डेंगु रोग देखिने गरेको केसीले बताए । उनले भने, 'अहिले साउनको सुरुआतदेखि संक्रमण देखिन थालेको छ ।'

यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । बर्सातको महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको उनले बताए । यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरू, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुल्ला पानीको टयांकी, आदिमा फुल पार्ने गर्दछ । यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको प्रकोप बढ्ने निरीक्षक केसीले जानकारी दिए ।

डेंगु रोगको ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्ने उनले बताए । यो रोग लाग्दा आँखाको गेडी तथा टाउको दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशीहरू दुख्ने, शरीरमा बिमिरा आउने र रक्तश्राव हुने, उच्च ज्वरो आउनेलगायत लक्षण देखापर्छ ।

यस्तै, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुनेजस्ता लक्षण देखापर्ने केसीले बताए । डेंगु ज्वरो विषाणुका कारण हुने भएकाले यसको निश्चित उपचार भने नहुने उनको भनाइ छ । डेंगुबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालय चितवनले जनाएको छ ।

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय**
धुन्चे, रसुवा

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

प्रकाशन मिति : २०८१/०५/ ११

आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयका लागि सवारी साधन (पिकअप 4WD) क्याटलग सपिङ्ग विधिवाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले ८औं दिन (मिति २०८१/०५/१८ गते) १२:०० बजेसम्म र सोही दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा रितपूर्वक शिलबन्दी प्रस्ताव दर्ता गराउन आह्वान गरिएको छ । दर्ता गरिएका सिलवन्दी प्रस्तावहरु सोही दिन १३:०० बजे खोलिनेछ । यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ ।

**सब-डिभिजन प्रमुख**


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer - 4 (M/F)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com


## उदयपुरका सामुदायिक वनहरूको गोलिया काठ लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

सामुदायिक वनहरूले नियमानुसार संकलन र घाटगद्दी गरी आन्तरिक खपत नभएको मायालु सामुदायिक वन उपभोक्ता समूह उदयपुर गढी गाउँपालिका १को साल गोलिया थान ११८को १२०१.६७ क्युविक फिट । साहसी सामुदायिक वन उदयपुर गढी गाउँपालिका २को साल गोलिया थान ७१को ९६५.८३ क्युविक फिट र निशान सामुदायिक वन उपभोक्ता समूह उदयपुर गढी गाउँपालिका ५ को साल गोलिया थान २९को २०७.३४ क्युविक फिट काठ समूह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकाले ईच्छुक काष्ठ व्यवसायीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा टेण्डर फारम खरिद गरी २२औं दिनको १ बजेसम्म रितपूर्वक पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण समूहको सूचना पाटीमा टाँस गरिएको छ ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पदः Public Relation Officer-1 (M/F)

**योग्यताः**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलबः आपसी समझदारीमा**

**आवेदन प्रक्रियाः**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोटः केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ ।**

**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 01-5920966, 01-5920965
Email: info@teslaoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : Sheikha Ahmidi Laundromat, Cave Al-Shammari, for washing clothes
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 309219 | चलानी नं. ६०२२४१२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HATEM JARALLAH AL-MALIKI TRADING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | LT. No. 309293 | चलानी नं. ६०२२४१२६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Truck Driver / Heavy Driver | 15 | 0 | 1800 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiters | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० | LT. No. 303171 | चलानी नं. ६०१८६७८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Ceaner | 3 | 4 | 90 | ३८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 160 | ६९,२३५ | | | | | | | |
| 3 | Vendor / Sales | 5 | 10 | 135 | ५८,४१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## युएईमा रोजगार

कम्पनी : ATTAR ALARJWAN TECHNICAL SERVICES CONTRACTING LLC
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० | LT. No. 304672 | चलानी नं.६०२१९४४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 13 | 0 | 1300 | ४७,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 3 | 0 | 1300 | ४७,१९५ | | | | | | | |
| 3 | Steel Fixer | 14 | 0 | 1300 | ४७,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
Govt. Lic. No. 851/066/067
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARWA MARBLE EST

पूर्व स्वीकृति मिति २०८०/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१० | LT. No. :302396 | चलानी नं.६०२१७१६१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Helper | 15 | 0 | 900 | ३२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 6 | 0 | 1200 | ४३,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## युएईमा रोजगार

कम्पनी : Middle East manpower supply - sole
शहर : UAE

पूर्व स्वीकृति मिति २०८१/०१/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१० | LT. No. 303524 | चलानी नं. ६०२१८३६५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | CARPENTER | 20 | 0 | 1200 | ४३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 3 | SCAFFOLDER | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 4 | STEEL FIXER | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Rupandehi, Butwal-9 Kalikanagar, Lumbiniमा मितिः २०८१ भदौ २० गते (5th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## साउदीमा रोजगार

कम्पनी : Sulaiman Abdullah Bin Mohammed Al-Jabali For Wooden Doors And Windows Est.
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No. 309180 | चलानी नं.६०२२३८७९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Labors | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १८ गते (3rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# प्रभाव दैनिक


## रूपशाला

### चलचित्र 'हन्टर' निर्माण घोषणा

श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर चलचित्र 'हन्टर' निर्माणको घोषणा गरिएको छ । निर्माण पक्षले सोमबार नायकबाहेक काष्ट एन्ट क्रिर्यु गोप्य राख्दै नाम मात्रै घोषणा गरेको हो । जीवन सिंहले यो चलचित्रलाई निर्देशन गर्नेछन् । उनको यो डेब्यु चलचित्र हो । चलचित्रको मुख्य भूमिका (नायक)मा अरूण क्षेत्री रहनेछन् । उनले 'महापुरूष', 'प्रेमा', 'ज्याकी आईएम २१'लगायत चलचित्रमा काम गरिसकेका छन् । अन्य कलाकारबारे केही दिनपछि गराइने बताइएको छ ।





मंगलबार, ११ भदौ २०८१ (Tuesday, August 27, 2024)


# 'रावायण'को प्रचारप्रसार तीव्र




■ प्रभाव संवाददाता

**काठमाडौं–** यही भदौ २१ गते रिलिज हुने फिल्म 'रावायण'ले प्रचारप्रसारको कामलाई तिब्रता दिएको छ । फिल्मले सुरुवाती चरणमा विशेषत कलेजका युवा दर्शकमाझ आफ्नो प्रचारलाई तिब्रता दिएको हो । फिल्मका निर्देशक र कलाकारको टिम यतिबेला प्रमोसनमा व्यस्त छन् ।

यही क्रममा आइतबार फिल्मको टिमले टेक्सास कलेजका विद्यार्थीमाझ प्रचार गरेको छ । फिल्मका निर्देशक सुदर्शन थापा, निर्मात्री तथा नायिका पूजा शर्मा र कलाकारद्वय प्रमोद अग्रहरि र प्रकाश शाहले कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित कार्यक्रममा फिल्मबारे जानकारी दिएका हुन् ।

निर्देशक सुदर्शन थापाले 'रावायण'को कथावस्तु अहिलेको युवापुस्ताका लागि फरक लाग्ने बताए । उनले 'रामायण'को सुरुवात रामले गरे जस्तै 'रावायण'को सुरुवात रावणले गर्ने जनाए । निर्मात्री तथा नायिका पूजा शर्माले दर्शकले आफ्ना अघिल्ला फिल्मलाई साथ दिएजस्तै 'रावायण'लाई पनि साथ दिनेमा आफू ढुक्क रहेको बताइन् ।

कार्यक्रममा प्रमोद र प्रकाशले फिल्ममा आफूले बोलेको संवाद सुनाएका थिए । उनीहरूले संवाद सुनाइरहँदा दर्शक दिर्घाबाट हुटिङ र तालीको वर्षात भएको थियो । सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

फिल्ममा पल शाह, पुजा शर्मा, प्रियंका काकी, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल, कैलाश रावल, अनिल कुमी, रजिता पराजुली, निमा पाण्डे, विशाल पहारी, सुशान्तकुमार श्रेष्ठ, योगेश भण्डारी, प्रेरणा गिरी र सुहान श्रेष्ठको अभिनय छ ।

फिल्ममा सुदर्शन थापाको कथा, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तव र राज गौरवको ओरिजिनल हिन्दी स्क्रिप्ट, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, प्रमोद श्रीनिवासनको साउण्ड डिजाइन, निरज सिंह, रेवन आरती सिंहको संगीत, नकासा अजिज, कुनाल गान्जावाला, सोनु कक्करको स्वर, डा. कृष्णहरि बराल र प्रदीप श्रीवास्तवको शब्द, रेवन आरती सिंहको ओरिजिनल ब्याकग्राउण्ड स्कोर, उमेश चौधरीको आर्ट डिरेक्सन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन, समीर मियाँको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर, विजय बस्यालको पोस्टर डिजाइन, नविन पुरीको प्रोडक्सन डिजाइन छ ।

फिल्मको वितरण आरआर फिल्मसले गर्नेछ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजीटल रहेको छ ।

# लघु चलचित्र 'होएर एम आई'को छायांकन सकियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** लघु चलचित्र 'होएर एम आई'को छायाँकन सम्पन्न भएको छ । कलिउड हवको ब्यानरमा निर्माण हुन लागेको चलचित्र होएर एम आई लाई काठमाडौंका विभिन्न रमणीय स्थानहरूमा छायाँकन गरिएको छ । उक्त लघु चलचित्रलाई राजन खरेलले छायाँकन गरेका हुन् भने लेखन तथा निर्देशन पनि खरेलको नै रहेको छ ।

पारिवारी कथाबस्तुमा आधारीत चलचित्रले पछिल्लो समय आमा, बुवा र सन्तानहरूको विचमा आईपर्ने समस्या तथा उल्झनहरूलाई देखाउन खोजिएको बताईएको छ । चलचित्रमा कलाकारहरू राजु कार्की, सेमिना कोइराला, मनोज कार्की, सोनाम लामा, सम्भु भुजेल, लक्ष्मी तामाङ, मन्जु सुवेदी, कुसल तामाङ, कारण कुमार, समिक्षा मगर, ललिता परियार, लक्सी तामाङ, निर्मला सुनार, लागायतको अभिनय रहेको छ ।

मन्जु सुवेदी एण्ड टीमको सृङ्गार तथा शैलस नेपाली सहायक छायाँकारको रूपमा रहेका छन् । उक्त लघुचलचित्रको पोष्टप्रोडक्सनको कार्य छिट्टै सम्पन्न गरिने निर्माण पक्षले जानकारी दिएको छ ।

# पाख्रिनलाई 'जनगायक जेबी टुहुरे सम्मान'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वरिष्ठ जनसङ्गीतिज्ञ खुसीराम पाख्रिनलाई मरणोप्रान्त 'जनगायक जेबी टुहुरे सम्मान-२०८१' प्रदान गरेका छन् । जेबी टुहुरे फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा अध्यक्ष दाहालले दिवङ्गत पाख्रिनकी पत्नी सुकमायालाई उक्त सम्मान प्रदान गरे । सो सम्मानको राशि रु एक लाख रहेको छ ।

पाख्रिनले नेपालको जनवादी सांस्कृतिक आन्दोलनमा आजीवन प्रगतिशील गीत, सङ्गीत गायन तथा नृत्य एवं गीतिनाटकमार्फत नेपाली समाजका शोषित-पीडित वर्गमा चेतना जागृत गराउन पुऱ्याएको योगदानस्वरूप सम्मान गरिएको फाउन्डेशनका निर्भिक टुहुरेले जानकारी दिइन् ।

गोरखाको अजिरकोट गाउँपालिकामा विस २००९ कात्तिक ११ गते जन्मिएका पाख्रिनले चितवनको नारायणी कला मन्दिरबाट प्रारम्भिक कलायात्रा सुरु गरेका थिए । विसं २०३५/०३६ देखि जनवादी गीत रचना गर्ने, सङ्गीत भर्ने, गाउने, नृत्य सिकाउने र गीतिनाटकसमेत रचनामा समर्पित उहाँका 'कालो वनको बीचैमा', 'गैती बेल्चा उचालेर', 'युवाहरू हो' जस्ता गीत अत्यन्तै लोकप्रिय छन् ।

चार वटा गीति पुस्तिकासमेत प्रकाशन गरेका पाख्रिनले प्रतिरोध सांस्कृतिक परिवार र सामना सांस्कृतिक परिवारको नेतृत्वसमेत गरेका थिए । विसं २०७० मा सम्पन्न दोस्रो संविधानसभा सदस्यका रूपमा उनले निर्वाह गरेको भूमिका महत्वपूर्ण छ ।

## रंगशाला

**साफ यू-२० च्याम्पियनसिप**

# नेपाल र बंगलादेशबीच उपाधि भीडन्त हुने, बाहिरियो भारत



■ प्रभाव संवाददाता

**काठमाडौं–** डिफेन्डिङ च्याम्पियन भारतलाई टाइब्रेकरमा पराजित गर्दै बङ्गलादेशले साफ यु-२० च्याम्पियनसिपको फाइनलमा नेपालसँगको भेट पक्का गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको दोस्रो सेमिफाइनलमा बङ्गलादेशले भारतमाथि टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो ।

त्यस्तै आइतबारभएको पहिलो सेमिफाइनल खेलमा नेपालले भुटानलाई टाईब्रेकरमा ४-१ ले पराजित गरेको थियो ।

खेलको निर्धारित ९०औं मिनेटमा दुवै टोलीले १-१ गोलको बराबरी खेलेपछि खेल टाइब्रेकरमा पुगेको हो ।

टाइब्रेकरमा बङ्गलादेशका अहमेद नोभा, मोइनुल स्लाम, साकिल तोपु र मोहम्मद आसिफले गोल गरे ।

भारतका लागि परमवीर, ग्वाङ्गसार गोएरी र मनजोत सिंहले गोल गरे भने केल्भिन सिंह र आकाश टिर्के गोल गर्नबाट चुके । त्यसअघि खेलको ३७औं मिनेटमा बङ्गलादेशका असदुल मोल्लाले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए ।

त्यस्तै भारतले खेलको ७५औं मिनेटमा बराबरी गोल फर्कायो । भारतका लागि ग्वाङ्गसार गोएरीले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए ।

खेलको दोस्रो हाफको अतिरिक्त समयमा बङ्गलादेश १० खेलाडीमा समेटिएको थियो । बङ्गलादेशका कामासाइ मार्माले दोहोरो पहेँलो कार्ड व्यहोर्दै मैदानबाट बाहिरिएका थिए । तर त्यसको सदुपयोग भने भारतले गर्न सकेन ।

साफ च्याम्पियनसिपको उपाधिको लागि नेपाल र बंगलादेशवीच प्रतिस्पर्धा हुनेछ । यही भदौ १२ गते हुने फाइनल दशरथ रङ्गशालामा हुनेछ ।

# दोस्रो ताप्लेजुङ गोल्डकपको उपाधि सगरमाथा युथ क्लबलाई

■ प्रभाव संवाददाता




**ताप्लेजुङ–** अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकपको उपाधि सगरमाथा युथ क्लब मोरङले जितेको छ । सलहेस यूथ क्लब सिरहालाई १-० गोल अन्तरले पराजित गर्दै मोरङले उपाधि जितेको हो । सगरमाथा युथ क्लबलाई उपाधिका लागि खेलको तीन मिनेटमै विजय भुजेलले गरेको गोल नै निर्णायक बन्यो ।

विजेता मोरङले नगद रु पाँच लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । विजेता टिमलाई पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य योगेशकुमार भट्टराईलगायतले पुरस्कार वितरण गरे । उपविजेता सलहेस युथ क्लब सिरहाले नगद रु दुई लाख ५० हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उक्त पुरस्कार कोशी प्रदेशसभा सदस्यहरू तिलकुमार मेन्याङ्बो, खगेनसिं हाङ्गाम, निर्मला तावालगायतले हस्तान्तरण गरे ।

सगरमाथाले घरेलु टोली सङ्घर्ष स्पोर्टिङ युवा क्लबलाई २-१ गोल अन्तरले र सलहेस युथ क्लबले विर्तामोड युनाइटेड फुटबल क्लब झापालाई ट्राईबेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान पक्का गरेका थिए ।

प्रतियोगितामा विभागीय टिम त्रिभुवन आर्मी क्लब, बुटवल लुम्बिनी फुटबल क्लब, भारत सिलगढीको कञ्चनजङ्घा फुटबल क्लबसहित आठ टिम सहभागी थिए । लाखेजात्राका अवसरमा भदौ ३ गतेदेखि प्रतियोगिता शुभारम्भ भएको थियो। हरेक वर्ष लाखेजात्राका अवसरमा आयोजना हुँदै आएको प्रतियोगिताले खेल पर्यटनको विकाससँगै जिल्लाको पहिचान थप बलियो हुँदै गएको आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष देवराज गुरुङले बताए ।

# दिल्ली रग्बी सेभेन्समा कर्णाली बल च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** दिल्ली रग्बी सेभेन्समा नेपालको कर्णाली रग्बी क्लब बल च्याम्पियन बनेको छ ।

दिल्ली हरिकेन्स क्लब र रग्बी इन्डियाले संयुक्त रूपमा नयाँ दिल्लीमा आयोजना गरेको दोस्रो दिल्ली रग्बी सेभेन्स कपमा नेपालको कर्णाली रग्बी बल च्याम्पियन बनेको हो ।

प्रतियोगितामा भारतको राजस्थान, मुम्बई, ओडिशा, उत्तराखण्ड, दिल्ली, हरियाणा, पन्जाब, पूर्ण र नेपालको कर्णाली क्लब गरी १७ प्रदेशका क्लबले प्रतिस्पर्धा गरेका थिए ।

कर्णाली रग्बी क्लबले टेबल पुल खलमा जयपुर क्लबसँग ७-२२ ले पराजित बनेको थियो । दोस्रो खेलमा पन्जाब क्लबसँग ०-१७ ले कर्णाली क्लबले हार ब्यहोरेको थियो ।

त्यसपछि अन्य क्लबसँग बल विजेताका लागि कर्णाली क्लबले प्रतिस्पर्धा गरेको थियो । पहिलो बलको सेमिफाइनलमा पुणेविरुद्ध ३३-५ को जित निकालेको कर्णालीले फाइनलमा दिल्ली वुल्भ्सलाई ४३-० ले हराएको थियो ।

पहिलो कपको विजेता दिल्ली हरिकेन्स डेस्ट्रयर्स र दोस्रो कप दिल्ली हरिकेन्स बोन क्रसर क्लबले जितेको थियो । सेकेन्ड रनरअप जयपुर क्लब बन्यो ।

कर्णाली रग्बी क्लबका सबै खेलाडीले उत्कृष्ट प्रर्दशन गरेर कर्णालीसँगै देशको इजाजत बढाउने काम गरेको नेपाल रग्बी संघका महासचिव गोबिन्द घिमिरेले बताएका छन् ।

# रूसद्वारा युक्रेनमा ड्रोन तथा मिसाइल आक्रमण




**किएभ–** रूसले सोमबार युक्रेनको ऊर्जा पूर्वाधारलाई लक्षित गरी गरेको ड्रोन तथा सिसाइल आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको जनाइएको छ । स्रोतका अनुसार मध्यरातमा सुरु भएको उक्त आक्रमण युक्रेनविरुद्ध रूसको ठूलो आक्रमण हो ।

युक्रेनी वायु सेनाका अनुसार रूसी ड्रोनका धेरै समूहहरू युक्रेनको पूर्वी, उत्तरी, दक्षिणी र मध्य क्षेत्रहरूतर्फ प्रहार भएका थिए । प्रहार भएका हतियारमध्ये केही क्रुज र ब्यालेस्टिक मिसाइलहरू पनि थिए । आक्रमणका कारण भएका विष्फोटको आवाज राजधानी किएभमासमेत सुनिएको र आक्रमणका कारण युक्रेनका मुख्य सहरमा विद्युत् र पानीको आपूर्ति अवरुद्ध भएको किएभका मेयर भिटाली क्लिट्स्कोले बताएका छन् ।

युक्रेनको पश्चिमी सहर लुत्स्कका मेयर इहोर पोलिशचुकले आक्रमणले एक बहुमंजिला आवासीय भवन र पूर्वाधारमा प्रहार हुनुका साथै एक व्यक्तिको मृत्यु भएको बताए । मध्य डिनप्रोपेट्रोभस्क क्षेत्रमा आक्रमणले अर्का एक व्यक्तिको मृत्यु हुनुका साथै आगलागी निम्त्याएको क्षेत्रीय प्रमुख सेरही लिसाकले बताए ।

जापोरिझियाको दक्षिणपूर्वी, आंशिक कब्जा गरिएको क्षेत्रमा पनि एक व्यक्तिको मृत्यु भएको क्षेत्रीय प्रमुख इभान फेडोरोभले बताए । युक्रेनको निजी ऊर्जा कम्पनी डिटेकेले 'आपत्कालीन ब्ल्याकआउट' को घोषणा गर्दै विज्ञप्तिमार्फत देशभरका ऊर्जा कामदारहरूले युक्रेनीको घरमा उर्जाको पुनःस्थापना गर्न लागि पर्न निर्देशन दिए । सेनाले आक्रमणपछि छिमेकी देश पोल्याण्डमा, देशको पूर्वी भागमा प्रहरी र नेटो हवाई सुरक्षा सक्रिय भएको जनाएको छ । *रासस⁄एपी*



उत्तरपश्चिम चीनको सिनजियाङ उइगुर स्वायत्त क्षेत्रको बायचेङ काउन्टीस्थित वुसुन पुरातन सडकमा पैदल यात्रा गर्दै पर्वतारोहीहरू । *तस्बिरः सिन्ह्वा*

# इजरायलका 'नयाँ सर्तहरू' अमान्य : *हमास*

**कायरो, इजिप्ट–** हमासले युद्धविराम सम्झौताका लागि इजरायलले राखेका 'नयाँ सर्तहरू' आफूहरूलाई अमान्य भएको भन्दै हमासको प्रतिनिधिमण्डल वार्ताबाट पछि हटेको छ ।

जुलाई-२ मा अमेरिकाद्वारा प्रस्तावित र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट अनुमोदित प्रस्तावमा मात्र वार्ता गर्न सकिने भन्दै हमासको वार्ताका लागि इजिप्टको कायरोमा रहेको प्रतिनिधिमण्डल त्यहाँबाट बाहिरिएको सिएनएनले जनाएको छ । वार्ताका लागि मध्यस्थकर्तासँग भेट गरेपछि हमास प्रतिनिधिमण्डल आइतबार कायरोबाट प्रस्थान गरेको हो ।

गाजा युद्धको एक पक्षको प्रतिनिधित्व गरेको हमासको प्रतिनिधिमण्डलले वार्तास्थल छोडेपछि युद्ध अन्त्य गर्ने अमेरिकालगायतका मध्यस्तकर्ताको युद्धविराम सफलताको सम्भावनामा थप जटिलता आएको छ । हमासले अमेरिकी राष्ट्रपति जो बाइडेनको खाका र सुरक्षा परिषद्को प्रस्तावको आधारमा गरिएको जुलाई-२ को सम्झौतामा मात्र सहमत हुने दाबी गरेको हमासको राजनीतिक ब्युरोका सदस्य इज्जात अल-रिस्कले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

अल-रिस्कले सम्झौतामा स्थायी युद्धविराम, गाजा पट्टीबाट पूर्णरूपमा सेना फिर्ता, बासिन्दालाई आफ्नो क्षेत्र फर्कने स्वतन्त्रता, राहत तथा पुनर्निर्माणलगायतका विषय समावेश हुनुपर्नेमा जोड दिए । गत हप्ता हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले अल अक्सा टिभीसँगको कुराकानीमा इजरायलले सम्झौता स्वीकार्नका लागि नयाँ सर्तहरू तय गरेको र पहिलेका कुरा फिर्ता लिएको भन्दै नयाँ सर्त आफ्नो समूहका लागि मान्य नहुने बताएका थिए ।

हमदानका अनुसार नयाँ सर्तहरूमा इजिप्टसँगको सिमानामा रहेको पट्टी फिलाडेल्फी कोरिडोरमा इजरायली सेनाको पुनःस्थापना र इजिप्टसँगको रफाह सीमापारका लागि गैरप्यालेस्टिनी व्यवस्थापनसमेत समावेश थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'नयाँ मागहरू' थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दाबी छ ।

यसैबीच नेतान्याहूले सम्झौता भए पनि हमासविरुद्धको 'पूर्ण विजय' नभएसम्म गाजामा युद्ध जारी रहने कुरामा जोड दिएका छन् । हमासले गत वर्ष अक्टोबरमा इजरायलमा एक्कासी गरेको आक्रमणमा कम्तीमा एक हजार २०० जनाको मृत्यु भएको थियो भने करिब २५० जनालाई बन्धक बनाएको थियो । बदलामा इजरायलले सुरू गरेको सैन्य कारबाहीमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

यसैबीच, हमासनिकट समूहविरूद्धको कारबाहीस्वरूप इजरायलले सुरू गरेको अभियानमा लेबनानका ४० भन्दा बढी प्रक्षेपण क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । आइतबार इजरायली सेनाले आफ्नो लडाकु विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लञ्चरलाई लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको थियो ।

'करिब १०० आइएएफ लडाकु विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ,' इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए । हिजबुल्लाह समूहको आक्रमणपछि शनिबार इजरायलले लेबनानसँगको बढ्दो तनावबीच ४८ घण्टाका लागि संकटकाल घोषणा गरेको थियो । *रासस⁄एएनआई*



## 'ब्लु लाइन' पार गर्दा क्षेत्रीय सुरक्षामा खतरा : राष्ट्रसंघ

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले लेबनान-इजरायल सीमाको 'ब्लु लाइन'मा बढ्दो तनावप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्ता गतिविधिले स्थानीय बासिन्दालाई जोखिममा पार्ने तथा क्षेत्रीय सुरक्षा र स्थिरतालाई खतरामा पार्ने बताएका छन् ।



लेबनान र इजरायलले 'ब्लु लाइन' पार गरी गरेको गोलीबारीमा उल्लेखनीय वृद्धि भएकोमा महासचिव चिन्तित रहेको राष्ट्रसंघका प्रमुखका प्रवक्ता स्टेफन दुजारिकले विज्ञप्तिमार्फत जानकारी गराएका छन् । राष्ट्रसंघीय प्रमुखले तनाव र यसका लागि जिम्मेवार पक्षहरूलाई तत्काल शत्रुता अन्त्य गरी राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १७०१ लाई पूर्णरूपमा कार्यान्वयन गर्न आह्वान गरेका छन् । आइतबार, इजरायली संस्थाले दक्षिणी लेबनानका क्षेत्रहरूलाई लक्षित गरी हवाई आक्रमण गर्दा कम्तिमा तीन जनाको मृत्यु हुनुका साथै अन्य घाइते भएका छन् ।

इजरायली सैन्य एकाइले अक्टोबर ७ देखि गाजापट्टीमा चलिरहेको क्रूर आक्रमणको संयोजनमा दक्षिणी लेबनानका क्षेत्रहरूमा बमबारी बढाउँदा निहत्था नागरिकको हताहत हुनुका साथै सयौं परिवारलाई घर छोड्न बाध्य पारेको छ । *रासस⁄क्युएनए*

# नयाँ प्रधानमन्त्री नियुक्त गर्ने दबाबमा राष्ट्रपति म्याक्रों

**पेरिस–** फ्रान्समा गत जुलाईमा भएको संसदीय निर्वाचनपछि प्रधानमन्त्रीको नाम घोषणा गर्न दबाब बढिरहेका बेला राष्ट्रपति इमानुएल म्याक्रोंले सोमबार दुर्लभ वार्ताका लागि अति दक्षिणपन्थी समूहका मरीन ले पेनसँग छलफल गरेका छन् ।

नेसनल र्‍याली (आरएन) पार्टीका प्रमुख जोर्डन बर्डेलाको साथमा ले पेन पेरिसको स्थानीय समयअनुसार सोमबार बिहान ०८:४५ मा राष्ट्रपतिको कार्यालयमा पछाडिको गेट हुँदै प्रवेश गरेका थिए । मध्यमार्गी म्याक्रोंले गत महिना आह्वान गरेको मध्यावधि निर्वाचनले फ्रान्सलाई सन् २०२२ देखि अल्पमतको सरकार चलाइरहेको त्रिशंकु संसद्को गतिरोधबाट मुक्त गर्न असफल भएको थियो ।



मुख्यतया तीन समूहमा विभाजित नेसनल एसेम्ब्ली (तल्लो सदन) मा १९० भन्दा बढी सिटको साथ वामपन्थी दलहरूको न्यु पपुलर फ्रन्ट (एनएफपी) गठबन्धन पहिलो शक्ति, त्यसपछि दोस्रोमा राष्ट्रपतिका समर्थक दलहरूको गठबन्धनको १६० र अति दक्षिणपन्थी राष्ट्रिय र्‍याली १४० सिटसहित तेस्रो स्थानमा रहेका छन् ।

कूल ५७७ सिट क्षमताको संसद्मा बहुमतका लागि २८९ जनाको आवश्यकता पर्छ । जुलाई ७ मा दोस्रो चरणको निर्वाचन सम्पन्न भएदेखि नै बामपन्थीहरूले म्याक्रोंलाई सबैभन्दा ठूलो शक्तिका रूपमा आफ्नो एक जनालाई प्रधानमन्त्री बनाउन दबाब दिइरहेका छन् ।

उनीहरूले ३७ वर्षीय अर्थशास्त्री तथा सरकारी कर्मचारी लुसी कास्टेट्सलाई सरकार प्रमुखको सम्भावित उम्मेदवारका रूपमा अघि सारेका छन् । म्याक्रोंले कामचलाउ सरकारलाई लामो समय सरकार चलाउने अवसर दिँदै नयाँ प्रधानमन्त्री नियुक्त गर्न ढिलाइ गरिरहेका छन् । उनले विश्वासको मतमा तत्काल अपदस्थ नहुने व्यापक समर्थन भएको व्यक्तिलाई सरकारमा ल्याउन खोजिरहेको देखिन्छ । *रासस⁄एएफपी*

# राष्ट्रपति निर्वाचित भएमा विदेशी पुँजी भित्र्याउने मार्क्सवादी नेताको भनाइ

**कोलम्बो–** श्रीलंकाका प्रमुख मार्क्सवादी नेता तथा आगामी महिना हुने राष्ट्रपतिका प्रमुख आकांक्षीले आफू विजयी भएमा विशेषगरी हरित ऊर्जाका क्षेत्रमा विदेशी लगानीकर्तालाई छानेर स्वागत गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

५५ वर्षीया पूर्वकृषिमन्त्री तथा भ्रष्टाचारविरुद्ध आवाज उठाउने अनुरा कुमारा दिसानायका सन् २०२२ को आर्थिक मन्दीका लागि स्थानीय भ्रष्टाचारबाट आजित मतदातामाझ लोकप्रिय छिन् । राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेपछि अभूतपूर्व आर्थिक संकटका कारण आक्रोशित प्रदर्शनकारीले सेप्टेम्बर २१ मा गरेको यो पहिलो मतदान हुने छ ।

संसद्बाट निर्वाचित राष्ट्रपति रानिल विक्रमासिंघेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब अमेरिकी डलरको बेलआउट ऋणलाई निरन्तरता दिन चाहेका छन् । तर, डिसानायकाले उक्त सम्झौतामा पुनः वार्ता गर्ने वाचा गरेका छन् । यद्यपि उनले भारी कर कटौती गर्न चाहनेबाहेक कुनै विशेष परिवर्तन गरेका छैनन् ।

'हामी नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा विदेशी कम्पनीहरूलाई आमन्त्रण गर्नेछौं, जहाँ हामीसँग ठूलो मात्रामा पुँजी लगानी गर्ने क्षमता छैन,' दिसानायकाले आफ्नो घोषणापत्र सार्वजनिक गर्दै भने । ३९ जना उम्मेदवार चुनावी मैदानमा छन्, तर अर्को महिना हुने प्रतिस्पर्धा मुख्यतया दिसानायका, विक्रमासिंघे र विपक्षी दलका नेता सजिथ प्रेमदासाबीच हुने देखिएको छ ।

विक्रमासिंघे र प्रेमदासा दुवै विचारधारात्मकरूपमा जोडिएका छन् । दिसानायकाले सन् २०१९ को राष्ट्रपतीय चुनावमा भाग लिएका थिए तर उनले तीन प्रतिशतमात्र मत प्राप्त गरेका थिए । उनले २२५ सदस्यीय संसल्। तीन सिट रहेको राष्ट्रिय जनसत्ता गठबन्धनको मुख्य घटक पिपुल्स लिबरेसन फ्रन्ट (जेभिपी) को नेतृत्व गरेका छन् ।

तर, कर कटौती गर्ने उनको आह्वानलाई धेरैले समर्थन गरेका छन् । जेभिपीले सन् १९७१ र १९८७ मा दुई असफल सशस्त्र विद्रोहको नेतृत्व गरेको थियो, दुवैले लगभग ८० हजारको ज्यान गुमाएर कुल्चिएका थिए र त्यसपछि पार्टीले हिंसालाई त्यागेको छ । *रासस⁄एएफपी*

# जापानमा शक्तिशाली चक्रवात्को चेतावनी

**टोकियो–** यो हप्ताको अन्त्यसम्ममा भारी वर्षासँगै शक्तिशाली चक्रवात् आउनसक्ने चेतावनी जारी गरिएको छ । मौसम पूर्वानुमानकर्ताहरूले सोमबार दक्षिणी जापानतर्फ एक शक्तिशाली चक्रवात् अघि बढेको जनाएका छन् ।

आँधीले बुधबार अमाम टापु क्षेत्र पार गर्ने अनुमान गरिएको छ भने मुख्य दक्षिणी टापुतिर फर्कनुअघि यसको गति २१५ किलोमिटर प्रतिघण्टाको हुने छ । जापानमा यो महिना आँधीले गर्दा सयौं उडान तथा रेल सेवाहरू अवरुद्ध गरेको छ भारी वर्षाले प्रशान्त तटमा क्षति पुर्‍याएको छ ।

यस क्षेत्रमा तटीयरेखाको नजिकमा आँधी आइरहेको र जलवायु परिवर्तनका कारण यसको प्रभाव लामो समयसम्म रहने गत महिना जारी एक अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको थियो । *रासस⁄एएफपी*

# पाकिस्तानमा सशस्त्र विद्रोहीद्वारा २२ जनाको हत्या

**क्वेटा, पाकिस्तान–** पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले सोमबार कम्तीमा २२ जनाको गोली हानी हत्या गरेको सरकारी अधिकारीहरूले बताएका छन् । साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध सुरक्षा फौजले लडिरहेको बलुचिस्तान प्रान्तको मुसाखाइल जिल्लामा सोमबार बिहान उक्त आक्रमण भएको हो ।

मुसाखाइलका एक वरिष्ठ अधिकारी नजिबुल्लाह काकरले एएफपीसँग भने, 'पञ्जाबलाई बलुचिस्तानसँग जोड्ने राजमार्गमा लडाकुहरूले धेरै बस, ट्रक र भ्यान रोक्दा भएको झडपपछि चलेको गोली लागी कम्तीमा २२ जनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन् ।' उनले भने, 'पञ्जाबबाट आउने र जाने सवारीसाधनको निरीक्षण गरिएको र पञ्जाबबाट आएका व्यक्तिहरूको पहिचान गरी गोली हानिएको थियो ।' काकरका अनुसार १९ जना पञ्जाबी र तीनजना बलोच सर्वसाधारण मारिएका छन् । जिल्लाका अर्का वरिष्ठ अधिकारी हमिद जेहरीले एएफपीलाई मृतकको संख्या पुष्टि गरेका छन् ।

उनले भने, 'यो आक्रमणका लागि बलोच लिबरेशन आर्मी (बिएलए) का लडाकु जिम्मेवार रहेको देखिन्छ । बलोच लिबरेशन आर्मी यस क्षेत्रको सबैभन्दा सक्रिय लडाकु पृथकतावादी समूह हो । बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त हो भने यहाँ अप्रयुक्त प्राकृतिक स्रोतहरूको प्रचुरता छ । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १,५२,३०० | प्रति तोला - - | प्रति तोला - १८४० |

## सहकारीपीडितको बचत फिर्ता गर्न माग

**काठमाडौं (प्रस)–** सहकारीपीडितको बचत छिटो फिर्ता गर्न सरकारले पहल गर्नुपर्ने अभियानकर्मीले बताएका छन् । सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान (महासंघ)ले सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा बचतकर्ताले जम्मा गरेको पैसा फिर्ता नहुँदा उपचार गर्न कठिनाइ भएकाले यथासीघ्र बचत पाउनुपर्नेमा जोड दिएको हो । महासंघले तेस्रो चरणको आन्दोलन सुरु गरेको ९५ औं दिनसम्म पनि सरकारले विगतका सहमति कार्यान्वयनमा कुनै चासो नदेखाएकाले सडकमा शान्तिपूर्ण प्रदर्शन गर्न बाध्य भएको जानकारी गराइएको थियो ।

महासंघका अध्यक्ष कुशलव केसीले १६ महिनादेखिको आन्दोलनका क्रममा चार जना पीडितहरूले ज्यान गुमाइसकेको बताए । सहकारी पीडितले आफ्नो बचत फिर्ता पाऊन् भनी तेस्रोपटकको आन्दोलन सुरू गरेको १०१ औं दिन पुग्ने अवसरमा भदौ १६ गतेदेखि शान्तिपूर्ण प्रदर्शन गरिने जानकारी पनि उनले दिए ।



**ग्राहकको पर्खाइ** | ललितपुरको पाटनमा रहेको कृष्ण मन्दिरमा श्रीकृष्ण जन्माष्टमीका दिन सोमबार बिहान भक्तजनलाई बाँसुरी बेच्दै व्यापारी । *तस्बिर : माधवप्रसाद घिमिरे/रासस*

# सुक्खा बन्दरगाह भन्सारको राजस्व लक्ष्य घटाइयो

■ प्रभाव संवाददाता




**वीरगञ्ज (पर्सा)–** पर्सास्थित सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले लक्ष्यअनुसारको राजस्व संकलन गर्न नसकेपछि आव २०८१/८२ मा पाँच अर्ब लक्ष्य घटाइएको छ । कार्यालयले विगत दुई वर्षदेखि लक्ष्यानुसारको राजस्व संकलन गर्न नसकेपछि भन्सार विभागले गत आवको तुलनामा चालु आवमा पाँच अर्बले लक्ष्य घटाएको हो ।

भन्सार विभागले सुक्खाबन्दरगाह भन्सार कार्यालयलाई चालु आवमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरिदिएको छ ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनवहादुर बरुवालले भन्सार विभागले कार्यालयलाई चालु आवमा रु ६० अर्ब चार करोड राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेको बताए । 'कार्यालयले गत आवमा लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत राजस्व असुली गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ म रु पाँच अर्बभन्दा धेरै राजस्व संकलन गर्न सकिएको थियो', उनले भने, 'गत आवमा लक्ष्यानुसारको राजस्व संकलन हुन भने सकेन ।'

भन्सार विभागले आव २०८०/८१ मा कार्यालयलाई रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर कार्यालयले सो अवधिमा लक्ष्यको लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार राजस्व संकलन गरेको थियो । विभागले कार्यालयलाई आव २०७९/८० मा पनि रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरिदिएको थियो । तर कार्यालयले सो आवमा पनि लक्ष्यको ६२ दशमलव ८८ प्रतिशत अर्थात् रु ४२ अर्ब ४० लाख २२ हजार ९३ रकम राजस्व संकलन गरेको थियो ।

## कर्पोरेट

### रिलायन्स फाइनान्स र संगम स्वीट्सबीच सम्झौता




**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स लिमिटेड र संगम स्वीट एण्ड संगम सिटि होटल काठमाडौबीच सम्झौता भएको छ । यस सम्झौता अर्न्तगत रिलायन्स फाइनान्स लिमिटेडका समस्त ग्राहकवर्ग, शेयरधनी तथा कर्मचारीहरूले संगम स्वीटको खानाको परिकार र मिठाईमा १० प्रतिशत छुट पाउनुका साथै संगम सिटि होटलले प्रदान गर्ने विविध सेवामा समेत छुट प्राप्त गर्न सक्नेछन ।

नेपाल राष्ट्र बैकबाट 'ग' वर्गको वित्तीय कारोबार गर्ने संस्थाले केन्द्रीय कार्यालय कमलादीबाट कारोबार सुरु गर्दै आएको यस संस्थाले न्यूरोड, सितापाईला, ईमाडोल ललितपुर, नारायणघाट चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीशहर लमजुङ्ग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, चारआली झापामा, गोरखा बजार गोरखा, भैरहवा रूपन्देही, मणीग्राम रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, महेन्द्रनगर कन्चनपुर, कोहलपुर बाँके, अत्तरीया कैलाली, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, र टाँडी चितवनमा शाखा कार्यालय गरि जम्मा २१ वटा शाखा कार्यालय खोली कारोबार गर्दै आएको छ । 'वित्तीय सेवाको अर्को परिभाषा' भन्ने नाराका साथ संस्थाका ग्राहकहरूलाई सहज तथा सर्व सुलभ तरिकाले विभिन्न शिर्षकहरूमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागु गरि आकर्षक व्याज प्रदान गर्दे निक्षेप संकलन गर्दे आएको छ । संस्थाले निक्षेप तथा कर्जाका अतिरिक्त सेवाग्राहीहरूलाई एससिटी नेटवर्क एटीएम, विभिन्न रेमिटेन्स सेवाहरू, सी-आस्वा, आईपीएस, एबीबीएस सेवा, एसएमएस बैंकिङ, मोबाइल बैंकिङ, क्यूआर टेलर समेतका सेवा प्रदान गर्दै आएको छ ।

### ज्योति बैंक र लुगासुगा ट्रेडर्सबीच सम्झैता

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौं-पेप्सीकोलास्थित प्रख्यात कपडा स्टोर लुगासुगा ट्रेडर्सबीच सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकहरूलाई टेडर्समा २२ प्रतिशतसम्मको विशेष छुट हुने जनाइएको छ ।

यस सम्झौतासँगै, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त स्टोरमा सामान खरिद गर्दा २२ प्रतिशतसम्मको आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।

त्यसैगरी, हालै बैंकले काठमाडौंस्थित प्रख्यात ट्र्याङ्क्विलिटी स्पाका देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ग्राहकहरूलाई ३० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ । साथै, ट्र्याङ्क्विलिटी वेलनेस कार्डधारक ज्योति विकास बैंकका ग्राहकहरूले ब्युटी सैलून सेवाहरूमा ४० प्रतिशत छुट तथा स्पा, मसाज, स्टिम, साउना, जकुजी लगायतका अन्य सेवाहरूमा ६० प्रतिशतसम्मको विशेष छुट प्राप्त गर्ने अवसर पाउनेछन् ।




ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशभरका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

### ग्लोबल आइएमईका ग्राहकलाई के-ल्याबमा छुट

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको डेबिट तथा क्रेडिट कार्डबाहक र मोबाईल बैंकिङ प्रयोगकर्ताहरूलाई क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टर (के-ल्याब) मा ल्याब सम्बन्धी सेवाको शुल्कमा २५ प्रतिशत छुट प्रदान गर्ने समझदारी भएको छ ।

उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका बागमती प्रदेश प्रमुख रूपेन्द्र वाग्ले र क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टरका प्रशासनिक निर्देशक कान्ती थापाले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार बैंकको ग्राहकहरूले क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टर (के-ल्याब), नक्साल र बौद्धमा उपलब्ध ल्याबसम्बन्धी सेवा वापतको भुक्तानीको लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ प्रयोग गर्दा २५ प्रतिशत छुट पाउनेछन् । ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थाहरूसँग समन्वय गरी यस्ता किसिमका




योजनाहरू ल्याएर ग्राहकहरूलाई प्रत्यक्षरूपमा लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# मागअनुसार उत्पादन भएन माछाका भुरा

**गोदावरी (कैलाली) (प्रस)–** गोदावरी नगरपालिका-५ गेटास्थित मत्स्य विकास केन्द्रले गत आर्थिक वर्षमा चार करोड २४ लाख माछाका भुरा बिक्री गरेको छ । गत आव २०८०/८१ मा सिल्भर र विगहेड जातका माछा दुई सय २४ किलो, कमन, ग्रास, रहु, नैनी र भाकुर जातका सात सय ५२ किलो माछा बिक्री गरेको केन्द्रले जनाएको छ । माछा, भुरा उत्पादन बिक्री गरेर रु ५३ लाख ६२ हजार आम्दानी गरेको केन्द्रका सूचना अधिकारी सरोजराज रेग्मीले बताए ।

केन्द्रले ग्रास, सिल्भर, कमन, बिगहेड, रहु, नैनी र भाकुर जातका ह्याचलिङ, फ्राइ, फिगरलिङ, एडभान्स फिगरलिङ र इयरलिङ साइजका भुरा सहुलियत दरमा किसानलाई बिक्री गर्दै आएको छ । केन्द्रबाट सुदूरपश्चिमका नौ जिल्ला एवं बर्दिया, सुर्खेत, दाङसम्मका किसानले भुरा खरिद गर्ने गरेका छन् । भुरासँगै विभिन्न जातका माछा पनि उत्पादन गरी केन्द्रले बिक्री गर्दै आएको सूचना अधिकारी रेग्मीले जानकारी दिए ।

माछापालन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरेको केन्द्रले प्रतिगोट २५ पैसादेखि ७५ पैसासम्म किसानलाई उपलब्ध गराउँदै आएको जनाएको छ । केन्द्रले अघिल्लो आवमा भुरा बिक्री गरेर ५२ लाख आम्दानी भएको जनाएको छ । मत्स्य विकास केन्द्रले वार्षिक करोडौंको संख्यामा भुरा उत्पादन गरे पनि किसानको मागलाई पुऱ्याउन नसकिएको रेग्मीले जनाए ।

**बाढीपहिरोबाट जोगिऔं**

**जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:**

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरूवा रोपौं र संरक्षण गरौं,
- वस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

**बाढीपहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ